''सर्वाङ्गीण समृद्धिका लागि सहकारी''



अझै परिपक्व सेवाको...

२६ औं

# वार्षिक प्रतिवेदन

२०८१/२०८२

## ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

## Bright Saving & Credit Cooperative Society Limited

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

## Bright Saving & Credit Cooperative Society Limited

## सञ्चालक समिति



**लक्ष्मण न्यौपाने**
अध्यक्ष



**मीनादेवी शाक्य**
उपाध्यक्ष



**राजेन्द्रकुमार थापा**
कोषाध्यक्ष



**रामइन्द्र न्यौपाने**
सदस्य



**दिनेश प्रसाई**
सदस्य



**रामबहादुर गौतम**
सदस्य

## लेखा सुपरीवेक्षण



**गंगाप्रसाद शर्मा घोरसाइने**
संयोजक



**गोकर्णबहादुर थापा**
सचिव



**हरिबोल बडाल**
सदस्य

## ऋण उप-समिति सदस्य



**शिवदास**
सदस्य



**चिन्तामणि पराजुली**
सदस्य

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

बागबजार–२८, काठमाडौं

## २६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८२ साल मंसिर १२ गते शुक्रबार बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार निम्न मिति, समय र स्थानमा संस्थाको **२६औं वार्षिक साधारण सभा** तपशील बमोजिमका प्रस्तावहरू माथि छलफल गरी निर्णय गर्न बस्ने भएकाले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ । यसै बेहोराको पत्रका साथै सामाजिक सञ्जालमार्फत समेत सबै सदस्यहरूलाई जानकारी पठाइएको छ । कुनै कारणवश पत्र वा अन्य सूचना प्राप्त नभएमा यसै सूचनालाई आधिकारिक मानी साधारण सभामा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछ ।

### कार्यक्रम

**मितिः** २०८२ साल पुस २६ गते शनिवार

**समयः** बिहान ठिक १२:०० बजे

**स्थानः** आराधना कम्प्लेक्स (श्रेष्ठ टेलरिङको माथि न्यूँज ब्याङ्क्वेट) को सभा हल, बागबजार-२८, काठमाडौं ।

### छलफलका विषयहरु

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/८२ को प्रतिवेदन प्रस्तुति, छलफल र पारित सम्बन्धमा,
२. आ.व. २०८१/०८२ को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुति छलफल र पारित गर्ने सम्बन्धमा,
३. आ.व. २०८२/०८३ को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट प्रस्तुति, छलफल र पारित सम्बन्धमा,
४. आ.व. २०८१/०८२ को वार्षिक लेखा परीक्षण सहितको वित्तीय प्रतिवेदन उपर छलफल गरी पारित सम्बन्धमा,
५. आ.व. २०८२/०८३ को लागी लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
६. सञ्चालक समिति लेखा सुपरीवेक्षण समिति, उप समितिहरू तथा व्यवस्थापनबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा,
७. शेयर लाभांश वितरण तथा संरक्षित पुँजी फिर्ता कोण बाँडफाँट सम्बन्धमा,
८. सञ्चालक अध्यक्ष तथा व्यवस्थापकको पारिश्रमिक भत्ता तथा सेवा सुविधा स्वीकृत अनुमोदन तथा जनकारी सम्बन्धमा,
९. बाह्य ऋणको अनुमोदन तथा स्वीकृत तथा ऋण प्राप्त गर्न अख्तियार प्रदान गर्ने सम्बन्धमा,
१०. संस्थाको विनियम २०५६ तथा सो उपर विभिन्न मितिमा भएका संशोधन तथा पुनर्लेखन गर्ने सम्बन्धमा,
११. सहकारी विभाग, प्रदेश सहकारी मन्त्रालय, नेफ्स्कुन लगायत निकायहरूबाट प्राप्त परिपत्र प्रतिवेदन तथा निर्देशनहरूका सम्बन्धमा जानकारी तथा छलफल गर्ने सम्बन्धमा,
१२. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरू चयन सम्बन्धमा,
१३. विविध

**पुनश्चस्**

१. निर्धारित विषयहरू भन्दा बाहेक संस्थालाई हित गर्ने कुनै थप प्रस्तावहरू छ भन्ने कुनै सदस्यलाई आवश्यकता महसुस भएमा मितिः २०८२ साल पुस २५ गते भित्र कार्यालयमा लिखित रूपमा पेस गरी सहयोग गर्नु हुन अनुरोध गरिन्छ ।

**दिपक श्रेष्ठ**
नि. का. प्रमुख
सञ्चालक समितिको आज्ञाले

## २६ औँ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष लक्ष्मण न्यौपानेद्वारा प्रस्तुत

# वार्षिक प्रतिवेदन २०८२

आदरणीय शेयर सदस्य महानुभावहरू,

सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धि, सांस्कृतिक, पर्यावरणीय सहित संस्कारिक विकासमा सामुहिक प्रयासले ठोस उपलब्धी हासिल हुन गई समाज परिवर्तनमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ भन्ने विश्वासका साथ सहकारी ऐन २०४८ बमोजिम विधिवत दर्ता भएको संस्था हो ब्राइट बचत तथा ऋण सहकारी संस्था । निरन्तर अविछिन्न आज पर्यन्त क्रियाशील यो संस्था स्थापना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने समस्त संस्थापकहरूप्रति उच्च सम्मानका साथ संस्थाको अध्यक्षको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

ब्राइट बचत तथा ऋण सहकारी संस्था वि.सं. २०५६ साल भाद्र १४ गते स्थापना भई आज छब्बिसौं (२६औं वर्षमा अघि बढिरहेदा यस बीच विभिन्न आरोह अवरोहहरू पार गर्दै स्वर्णिम भविष्यको रेखा कोरिरहेको यो महत्त्वपूर्ण क्षणमा आइपुग्दा सदस्यहरूको आर्थिक र सामाजिक स्तर अभिवृद्धि गरी समुन्नत एवं सु-संस्कृत समाजको निर्माण गर्ने लक्ष्यकासाथ यो संस्था अगाडि बढिरहेको छ । संस्थाका नीति तथा कार्यक्रमहरू सदस्यमुखी बनाउनका लागि हाम्रो ध्यान केन्द्रित भएको छ । स्थापनाकालदेखि हालसम्म आई पुग्दा संस्थाले प्राप्त गरेका उपलब्धीहरूको समीक्षाका साथै आगामी दिनहरूमा सदस्यहरूको आर्थिक तथा सामाजिक उन्नतिमा संस्थाले दिन सक्ने योगदानको चर्चा एवम् छलफलमा निरन्तर जुटेका छौं । यस अवसरमा संस्थाको गतिविधि, प्राप्त उपलब्धिहरूलाई आधार बनाई आगामी क्रियाकलापलाई अझ बढी परिणामुखी बनाउन जरूरी छ । संस्था यस अवस्थासम्म आइपुग्नको लागि विभिन्न कालखण्डमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु हुने महानुभावहरूमा समेत हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

हालसम्म संस्थाले प्राप्त गरेका उपलब्धीहरू आफैमा गौरवका बिषय हुन्, प्राप्त उपलब्धिहरूको रक्षा गर्दै आगामी दिनहरूमा थप उपलब्धी हासिल गर्नको निमित्त संस्थाले दिर्घकालीन लक्ष्यहरू निर्धारण गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त, मूल्य, मान्यता तथा संस्थाको विनियम, सहकारी नियमन प्राधिकरण सहकारी विभाग, बागमती प्रदेश सहकारी मन्त्रालय तथा सम्बन्धित निकायहरूबाट प्राप्त निर्देशन र यसले निर्माण गरेका नीति तथा कार्यबिधिको परिधिभित्र रही उत्कृष्ट साकोस निर्माण गर्दै सदस्यहरूलाई समृद्ध बनाउने कार्यक्रमहरू सञ्चालन गरी सहकारी अभियानलाई निरन्तर अगाडि बढाउन संस्था कटिबद्ध छ । वर्तमान समयमा सहकारीको मूल्य मान्यता भन्दा फरक ढंगले सञ्चालन भएका र सुशासन कायम हुन नसकेका सहकारी संस्थामा देखापरेका समस्या र समाजका प्रतिष्ठित व्यक्तिहरू तथा राज्यका उच्च पदस्थ व्यक्तिहरू समेत सहकारीको बचत दुरूपयोगसँग जोडिएका समाचारहरूले आम जनमानसको नजरमा सहकारीको तस्वीर नकारात्मक बन्दै गयो । नीति, विधि र प्रविधिमा सञ्चालन नभएका केही सहकारी संस्थाहरूमा देखिएका समस्याहरूले सबै सहकारी संस्थाहरू उस्तै हुन कि भन्ने भाष्य खडा हुन पुग्यो । बजारमा देखिएका यस प्रकारका चुनौतिहरूका बावजुद यस संस्थाले आफ्नो उत्कृष्ट वित्तीय कार्यसम्पादन र सदस्य सेवाहरूमा नवीनताकासाथ निरन्तर सदस्यहरूलाई सहकारी शिक्षा मार्फत प्रशिक्षित गरि उनीहरूको विश्वास र भरोसा कायस राख्दै सफलतापूर्वक

सदस्यहरूलाई सेवा दिईरह्यो । यस महान कार्यमा सहयोग र प्रोत्साहन गर्नुहुने संस्थाको उन्नति प्रगती र हितका लागि सल्लाह सुझाव दिनुहुने आदरणीय शेयर सदस्यज्यूहरू, विशिष्ट व्यक्तित्वहरू, सहकारी तथा सरकारी निकायहरू, राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)का साथीहरू, सञ्चालक समितिका साथीहरू, लेखासुपरीवेक्षण समिति, तथा अन्य उपसमितिहरू, संस्थाका आन्तरिक तथा बाह्य लेखापरीक्षक, कानुनी सल्लाहकार, भ्यालुएटर (धितो मूल्याङ्कनकर्ता) तथा कर्मचारीहरू लगायत सबैलाई यस अवसरमा धन्यवाद दिन चाहन्छु । आगामी दिनहरूमा पनि सधैं सहयोगको अपेक्षा राख्दछु ।

आदरणीय सदस्यज्यूहरू

हामीले सदस्यहरूबीच कारोबार गर्न सहज तथा सरल होस भन्ने अभिप्रायले स्मार्ष्ट बैंकिङ सेवा मार्फत एस.एम.एस. सेवा, मोबाइल बैंकिङ्ग सुविधा प्रदान गरिरहेका छौँ । यसबाट धेरै भन्दा धेरै सदस्यहरूले वित्तीय कारोबारोमा सहजता महसुस गर्दै लाभान्वित भइरहनुभएको छ । कतिपय सदस्यहरू यो सुविधाबाट अझै बञ्चित भइरहनुभएकोमा यथाक्य छिटो संस्थामा सम्पर्क राखि यस्तो सेवामा आफ्नो खाता लिंक गराइ घरमै बसी सम्पूर्ण बैंकिङ्ग सुविधा उपभोग गर्नुहुन म आह्वान गर्न चाहन्छु । गत आ.व. मा सम्पन्न २५औं वार्षिक साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुरूप काम गर्न देशको समग्र आर्थिक अवस्थाले असहजता भएतापनि तपाई सदस्यज्यूहरूको सहयोगले संस्थाले गरेको प्रगतीसम्बन्धी विवरण यसै प्रतिवेदनमा उल्लेख गरिएको छ । हालको यस परिस्थितिमा संस्थालाई निरन्तर अघि बढाई आगामी दिनमा कार्यक्रम तयार गर्न तथा संस्थाको उद्देश्यमा प्रभावकारिता बढाउन सदाझै यहाँहरूबाट रचनात्मक सुझाव, सहयोग र मार्ग निर्देशनहरू प्राप्त हुने छ भन्ने कुरामा हामी विश्वस्त छौं । साथै धेरै सदस्यहरूले (KYC) सदस्य पहिचान फारम भरिसक्नुभएको तथा केही नगन्य सदस्यहरूले अझै भर्न बाँकी रहनुभएकोमा संस्थामा सम्पर्क गरी फारम अद्यावधिक गर्नुहुन समेत अनुरोध गर्दछु ।

आदरणीय सदस्य महानुभावहरू,

अब म यहाँहरू समक्ष आ.व. २०८१/८२ को संस्थाले गरेका मुख्य मुख्य प्रगति विवरण र संस्थाले सञ्चालन गरेका महत्त्वपूर्ण कार्यक्रमहरूको प्रतिवेदनको सार संक्षेप यहाँ प्रस्तुत गर्दछु ।

## १. सदस्यता बिस्तार

गत आर्थिक वर्षको अन्तसम्ममा ११४१ जना सदस्यहरू रहेकोमा सहकारी ऐन २०७४ को दफा ३२ को उपदफा १ मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने व्यवस्था, बसाईसराई, मृत्यु लगायत विविध कारणले सदस्यता छोडेका र नियम विपरीतका संस्थागत सदस्यता पनि हटाउने निर्णयबमोजिम ४ सदस्य कम भई यस आर्थिक वर्षको अन्तसम्ममा ११३७ सदस्य रहेका छन् । जसमध्ये महिला ४२१, पुरूष ७१३ र संस्थागत ३ सदस्यहरू रहेका छन् । यस सहकारी संस्थामा स्वेच्छिक तथा खुल्ला सदस्यतालाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ ।

## २. शेयर पुँजी

यस आर्थिक वर्षसम्ममा रू. ७,७६,२६,१००।०० (अक्षरेपि सात करोड छयहत्तर लाख छब्बिस हजार एकसय रूपैयाँ मात्र ) शेयर पुँजी भएको छ । संस्थाले शेयर पुँजी सहकारी मापदण्डले तोके अनुसार निक्षेपको अनुपातमा शेयर कायम गर्दै आएको छ । संस्थाले एकातर्फ शेयर पुँजी वृद्धिका लागि आवश्यक रणनीति अपनाएको छ भने एक आपसका सदस्यहरूबीच शेयर पुँजीमा धेरै असमानता नहोस् भनी एक सदस्यलाई एक पटकमा अधिकतम् १०,००० कित्तासम्म मात्र शेयर प्रदान गर्ने नीतिलाई कायम गरिएको छ ।

### ३. सदस्यहरूको बचत/निक्षेप रकम

संस्थाले आफु सदस्य रहेको संस्थामा नै कारोबार गर्न सदैव प्रेरित गर्दै आएको र निक्षेपमा बजारमा चलन चल्ती भन्दा केही अधिक ब्याज प्रदान गर्ने नीति लिएको छ । सदस्यहरूलाई आफ्नो सुविधा र आवश्यकताअनुसार बचत योजना छनौट गर्न सहज होस् भनी विभिन्न प्रकारका बचत योजनाहरू सञ्चालन गरेको छ । यस आर्थिक वर्षसम्ममा रू. ४७,९९,५०,८१८।०० (अक्षरेपि सतचालिस करोड उनान्सय लाख पचास हजार आठसय अठार रूपैयाँ मात्र) बचत रकम दायित्व रहन गएको छ । सदस्यहरूको संस्थामा हुने सक्रिय सहभागीताले नै संस्थालाई र सदस्य स्वयंलाई महत्त्वपूर्ण फाईदा पुग्दछ । साथै बचत कारोबार गर्ने सदस्यहरूले प्राप्त गर्ने ब्याज बाहेक संरक्षित पुँजी फिर्ता कोष मार्फत वार्षिक रूपमा आफुले गरेको कारोबारका आधारमा थप प्रतिफल प्राप्त गर्ने गरेका छन् ।

### ४. कर्जा लगानी

संस्थाले सदस्यहरूको आर्थिक उत्थान तथा सामाजिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले ऋण नितीमा समय सापेक्ष परिमार्जन गर्दै विभिन्न शीर्षकमा ऋण लगानी गर्दै आएको छ । संस्थाको नीति उत्पादनमूलक क्षेत्रमा प्रोत्साहित गर्ने भएकोले अधिकांश ऋण लगानी उत्पादनमूलक क्षेत्रमा नै लगानी गर्ने गरेको छ । यस आर्थिक वर्षमा १५२ जना सदस्यहरूको रू. ५४,९०,१९,३७०।०० (अक्षरेपि चवन्न करोड नब्बे लाख उन्नाइस हजार तीनसय सत्तरी रूपैयाँ मात्र) ऋण रहन गएको हो । बिगत लामो समय देखिको आर्थिक क्षेत्रको सुस्तता मन्दी लगायत विविध कारण ऋण लगानी तथा असुलीमा भने प्रत्यक्ष असर परि नै रहेको छ ।

### कर्जा योजना

| क्र.सं. | ऋणका प्रकारहरू | ऋण रकम रू. |
|---|---|---|
| १ | हायरपर्चेज ऋण | २७,३३,६४६ |
| २ | आवास तथा जग्गा खरिद | २८,५६,९६,९७५ |
| ३ | वैदेशिक रोजगार | १५,४६,६४४ |
| ४ | आवधिक बचत धितो | २,५६,३१,३४४ |
| ५ | सरल किस्ता | १,४२,८१,२९६ |
| ६ | व्यक्तिगत | ८,४६,८५,२९७ |
| ७ | उद्योग तथा व्यवसाय | ११,६२,९५,७५९ |
| ८ | ऋण नोक्सानी व्यवस्था | २,२८,३७,६३५ |

### ५. रेमिट्यान्स कारोबार

देश विदेशबाट पठाएको रकम प्राप्त गर्न र देश भित्रका विभिन्न स्थानहरूमा रकमहरू पठाउन सदस्यहरूलाई सहज होस भन्ने उद्देश्यले संस्थाले विगतका वर्षहरूदेखि विभिन्न कम्पनीहरूको रेमिट्यान्स सेवा प्रवाह गदै आइरहेको छ र यसलाई निरन्तरता दिइने छ ।

### ६. तरलता (रू. १३,०३,९१,८४१।-)

संस्थाले विगतका वर्षहरूदेखि नै कायम गर्दै आईरहेको मजबुत तरलता सञ्चय सदस्यहरूको ऋणको माग र बचत फिर्ताको आवश्यकता पुरा गर्नको लागि सदैव पर्याप्त रहँदै आएको छ । बजारमा सहकारी क्षेत्रमा तरलता संकुचनको अवस्था वा तरलता सञ्चयको अवस्था किन नहोस यस संस्थाले सदस्यहरूले मागेका बखत तत्काल आफ्नो बचत रकम प्राप्त गर्न सकुन भन्ने अभिप्रायले पर्याप्त तरलता सञ्चयलाई प्राथमिकतामा राखेको छ । अधिक तरलता मौज्दातले संस्थाको प्रतिफल दरमा असर पार्ने कुरामा सचेत रहँदै हामीले ऋणको माग सिर्जना, बचत समिश्रणको व्यवस्थापन र ब्याजदरद्वारा बचत अनुपातलाई व्यवस्थापन गर्दै तरलता व्यवस्थापन गरेका छौं । हाल संस्थाको तरलता सञ्चय रू. १३,०३,९१,८४१।- रहेको छ । संस्थाको कुल बचतको अनुपातमा तरलता २७ प्रतिशत भन्दा बढी रहेकोछ ।

### ७. संस्थागत पुँजी (रू. १२,१६,३८,३९१।००)

साधारण जगेडा कोष, घाटापुर्ती कोष र अन्य संस्थागत पुँजीजन्य कोषको कुल रकम अ.व.

२०८१/८२ मा रू. १२,१६,३८,३९१।०० रहेको छ । संस्थागत पुँजी वित्तीय सहकारी संस्थाहरूको स्थायित्वको मुख्य आधारशिलाको रूपमा रहेको हुन्छ भन्ने यथार्थलाई संस्थाले सदैव आत्मसात गरिरहेको छ । संस्थाको वित्तीय सबलतालाई सुदृढ पार्न, रणनीतिक योजनाहरू बनाई र सदस्यहरूका विविध आवश्यकताहरू पुरा गर्न यस पुँजीले मद्दत गर्ने गर्दछ । उत्कृष्ट वित्तीय व्यवस्थापन तथा जिम्मेवार वित्तीय सहकारी संस्थाको रूपमा हाम्रो प्रतिवद्धताले हामीले सेवा प्रवाह गर्ने समुदायमा आर्थिक वृद्धि र वित्तीय समृद्धि प्रवर्धन गर्ने ध्येयलाई मद्दत पुर्‍याउने गर्दछ । जगेडा कोष लगायत संस्थामा रहेका संस्थागत पुँजीले नै संस्थाको स्थायित्व र संस्था के कति सुरक्षित रहेको छ भन्ने कुरा सामान्य सदस्यले समेत सजिलै बुझ्न सक्ने सहज बिधि रहेको छ । अघिल्लो वर्षदेखि सस्थाले NFRS (Nepal Financial Reporting Standards) पद्धतिबाट लेखा परीक्षण गरेकाले संस्थाका हरेक आर्थिक गतिबिधिहरू पारदर्शिता सहितको नेपाल राष्ट्र बैंकले तोकेको स्टान्डर्डमा लेखा परीक्षण गरी लेखा परीक्षण प्रतिवेदन यहाँहरूका हातमा पुर्‍याउँन पाउँदा हामीलाई खुशी लागेको छ । यस वर्ष संस्थाले प्रति शेयर आम्दानी रू. ३०.०९ गरेको छ र संस्थाको प्रति शेयर खुद सम्पत्ति भ्यालु रू. २८४।- रहेको छ ।

## ८. कुल आम्दानी (रू. ९,६७,६२,८०७।००)

ऋणबाट ब्याज आम्दानी, व्यावसायिक क्रियाकलापहरूबाट आम्दानी, घरभाडा आम्दानी अन्य आम्दानी गरी संस्थाको विभिन्न शीर्षकका आम्दानीहरूलाई वर्गीकरण गरिएको छ । यसरी यस आ.व. मा संस्थाको कुल आम्दानीतर्फ रू. ९,६७,६२,८०७।०० रकम आर्जन भएको छ ।

## ९. कुल खर्च (रू. ६,७१,०३,१५४।००)

गत आ.व. को कुल खर्च यस आ.व. मा सदस्यहरूको बचतमा ब्याज खर्च रू. ५,१९,७१,४५५।०० तथा कर्मचारी खर्च, समिति, उप-समिति खर्च, साधारणसभा खर्च, प्रशासनिक खर्च, अन्य खर्च, बाह्य ऋणमा ब्याज खर्च र सम्भावित ऋण जोखिमसमेत रू. १,५१,३१,६९९।०० गरी जम्मा रू. ६,७१,०३,१५४।०० व्यय भएको छ । यस आ.व. मा सबै खर्च कटाएर कर अघिको आम्दानी रू. २,९६,५९,६५३।०० रहेको छ । यस वर्ष आय कर बापत रू. ६२,९९,६७५।०० योगदान रहेको छ । यस वर्षको मुनाफाबाट १० प्रतिशत लाभाश र रू. ४३,५२,७१८।०० संरक्षित पुँजीफिर्ता कोषमा रकम व्यवस्था गरिएको छ जुन रकम बचतकर्ता सदस्यले आफुले संस्थामा बचत कारोबार गर्दा प्राप्त गरेको ब्याजमा प्रोत्साहन बापत थप मुनाफा तथा ऋण लिने सदस्यहरूले आफुले ऋणमा तिरेको ब्याजका आधारमा केही ब्याज रकम प्रोत्साहन बापत फिर्ता पाउनुहुने छ । यसबाट जति धेरै कारोबार त्यति धेरै प्रतिफल भन्ने सिद्धान्त अनुरूप सदस्यहरूमा थप विश्वास र भरोसा बढ्न गई संस्थामार्फत कारोबार गर्न सदस्यहरू उत्सुक हुनुहुनेछ भन्ने अपेक्षा गरेका छौं ।

## १०. कर्मचारी प्रशासन र कार्यालय सञ्चालन

संस्थाको दैनिक नियमित सेवामा समर्पित रहेका मानव संसाधनलाई मानव पुँजीको रूपमा लिने संस्थाको नीति तथा Right man in right place को मर्मलाई आत्मसात् गरी संस्थामा कर्मचारीहरूको दरबन्दी व्यवस्थापन गरिएको छ । संस्थाले आफ्नै स्वामित्वमा रहेको भवनबाट मात्र सेवा प्रदान गर्दै आएको छ । संस्थाले प्रदान गर्ने सेवालाई अझ बढी व्यवस्थित गर्न वित्तीय सेवाको क्षेत्रमा उपलब्धताको आधारमा नयाँ प्रविधि र सो सँग सम्बन्धित उपकरणहरूको आवश्यकताअनुसार खरिद गर्ने लगायत कर्मचारीहरूलाई कार्य विवरण सहित आवश्यक जिम्मेवारी बाँडफाँट गरी कार्य सञ्चालन गर्दै आइरहेको छ ।

## ११. ब्याजदर परिमार्जन

आ.व. २०८१/८२ मा वित्तीय बजारमा बैंक तथा वित्तीय संस्थाहरूमा ब्याजदर घट्दो क्रममा रह्यो

भने आर्थिक वर्षको अन्तसम्ममा आईपुग्दा तरलताको अनुपात अधिक भएको कारण बचत तथा आवधिक खाताहरूमा तिब्र रूपमा ब्याजदर गिरावट आयो । यसै परिप्रेक्ष्यमा वित्तीय बजारको यस प्रकारको अवस्थाले संस्थाको बचत र ऋणको अनुपातमा प्रत्यक्ष प्रभाव पर्न जाने भएको हुँदा आ.व. २०८१/८२ को विभिन्न मितिमा ब्याजदर परिमार्जन गरी लागु गरिएको छ । यसरी ब्याजदर परिवर्तन गर्दा बचत कर्ता सदस्यलाई अधिकतम ब्याज प्रदान गर्ने र ऋण सदस्यहरूलाई सकेसम्म कम ब्याज लिने नीति लिईएको छ । हाल निक्षेप तर्फ अधिकतम ब्याजदर १० प्रतिशत र ऋण तर्फ न्युनतम ब्याजदर १२ प्रतिशतसम्म कायम गरिएको छ ।

## १२. संस्थागत सुशासन

कुनै पनि संस्थाको दीर्घकालीन विकासको लागि संस्थागत सुशासन अपरिहार्य विषय हो । यो विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगेका छौं । संस्था सञ्चालनमा प्रभावकारिता ल्याउन विभिन्न किसिमका नीति निर्माण गरी त्यसलाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिएका छौं ।

प्रत्येक महिना अनिवार्य रूपमा सञ्चालक समितिको नियमित बैठक बस्ने गरिएको छ । आवश्यकता अनुसार सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा विभिन्न उप-समितिहरूबीच छलफल गरिने गरिएको छ । प्रत्येक नियमित बैठकमा वित्तीय कारोबार लगायत अन्य क्रियाकलापलाई पारदर्शी रूपमा प्रस्तुत गरी अनुमोदन गर्ने गरिएको छ । कर्जा लगानी लगायतका महत्त्वपूर्ण विषयहरूलाई नियमानुसार कार्यान्वयन गर्ने गरिएको छ । वित्तीय संस्थामा ऋण तथा ब्याज असुलीका लागि अत्यन्तै कठिनाई रहेको विषम परिस्थितिमा हाम्रो संस्थाको ऋण तथा ब्याज असुलीका लागि अहोरात्र खट्नु हुने सञ्चालक पदाधिकारी एवं ऋण उप-समितिका पदाधिकारीहरू कर्मचारी लगायत समयमा नै ऋणको साँवा, ब्याज भुक्तानी गर्नुहुने सम्पूर्ण सदस्यज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संस्थाबाट प्रदान गरिने कर्जालाई व्यवस्थित एवं सुरक्षित बनाउन दर्तावाल धितो मूल्याङ्कनकर्ताबाट सम्पत्तिको मूल्याङ्कन गर्ने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

संस्था नीति, विधि र प्रविधिमार्फत सञ्चालित हुनुपर्छ भन्ने दृढ मान्यताका साथ हरेक क्रियाकलापलाई अझ बढी सुव्यवस्थित, प्रतिस्पर्धी एवम् व्यावसायिक बनाउनका लागि आवश्यक नीति, नियम एवम् कार्यविधिको तर्जुमा गरिएको छ । मौजुदा नीति, नियम एवम् कार्यविधिको समयानुकूल परिमार्जन गर्ने कार्य यस वर्ष पनि निरन्तर रहेको छ । हाल संस्थामा संस्थाको मूल कानुन विनियमको अलवा १८ वटा नीति तथा कार्यविधिहरू रहेका छन् । सोही अनुसार सम्पूर्ण कार्य सम्पादन हुँदै आएका छन् ।

सञ्चालक समितिको हरेक महिना बस्ने नियमित बैठकमा व्यवस्थापनको तर्फबाट अघिल्लो मसान्तसम्मको PEARLS विश्लेषण, वित्तीय अवस्थाको विवरण सम्पत्ती शुद्धिकरणसम्बन्धी विवरण तथा नगद प्रवाहको विवरणसहितको प्रतिवेदन सञ्चालक समितिसमक्ष प्रस्तुत गर्ने गरिन्छ । सोही प्रतिवेदनका आधारमा व्यवस्थापनलाई आवश्यक सुझाव तथा निर्देशन दिने गरिएको छ ।

सहकारी ऐन, नियमावली तथा सहकारी विभाग तथा सहकारी नियमन प्राधिकरणको संस्थागत सुशासनसम्बन्धी व्यवस्थाको भावना र मर्मबमोजिम निर्देशनको पालना गर्दै आएका छौँ । आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरूले औँल्याएका कैफियत एवम् सुझावहरूमाथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि योजनासहित व्यवस्थापनलाई निर्देशन दिने गरिएको छ ।

कार्यालय सञ्चालन र दैनिक कारोबार व्यवस्थापनलाई थप चुस्त दुरूस्त एवम् व्यवस्थित गर्न आन्तरिक लेखा परीक्षक (CA) को व्यवस्था

गरिएको र सोही अनुसार आन्तरिक लेखा परीक्षण गरी नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिएको छ ।

संस्थाले बिगत लामो समयदेखि रजिष्टर्ड चार्टर्ड एकाउण्टेन्टस (CA) बाट अन्तिम लेखा परीक्षण गराउँदै आएकोमा अघिल्लो वर्षदेखि NFRS (Nepal Financial Reporting Standards) अन्तर्गत (CA) बाट नै अडिट गरिएकोछ । हाल संस्थाले बागबजारमा रहेको आफ्नै भवनमा रहेको कार्यालयबाट मात्र सदस्यहरूलाई सेवा दिईरहेको छ भने आफ्नै मोवाइल एप मार्फत घर वा जहाँसुकैबाट स्मार्ट बैंकिङ्ग सुबिधा उपलब्ध गराउँदै आएको छ ।

संस्थाले सञ्चालन गरिरहेका सेवाहरूको बारेमा जानकारी दिने तथा नीतिगत सुधारका लागि आवश्यक सुझाव लिने कार्यका लागि सदस्य भेटघाट अन्तरक्रिया तथा संस्था र सदस्यबिचको सम्बन्धलाई थप मजबूत र प्रगाढ बनाउनको लागि यस वर्ष पनि विभिन्न चरणमा सदस्यसँग ब्राइट कार्यक्रमलाई निरन्तर अगाडि बढाईएको छ ।

नियमित बाहेक आवश्यकताअनुसार सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमिति तथा कर्मचारीहरूको संयुक्त बैठक बस्ने गरेको छ ।

## १३. सम्पत्ती शुद्धिकरण

संस्थामा कारोबार गर्ने हरेक सदस्यको कारोबारको विवरण तोकिएको रकमभन्दा बढीको हकमा नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईमा हरेक पन्ध्र दिनमा प्रतिवेदन बुझाउने गरिएको छ । संस्थामा कुनै पनि गैरकानुनी तवरले आर्जन गरिएको रकम जम्मा नहोस भन्ने कुरामा सचेतता अपनाइएको छ । हाल ५ लाख भन्दा बढीको रकम नगद भुक्तानी गर्ने गरिएको छैन र सीमाभन्दा बढी रकम बैंकमार्फत मात्र भक्तानी हुने व्यवस्था मिलाइएको छ । यहाँहरूले ५ लाख भन्दा बढी रकम जम्मा गर्नु पर्दा अनिवार्य रूपमा आम्दानी स्रोतको स्वघोषणा गरि जम्मा गर्नुपर्ने छ र आम्दानीको स्रोत नखुलेको रकम संस्था भुक्तानी लिन बाध्य हुने छैन ।

## १४. छाता संघमा आबद्धताः

यो संस्था जिल्ला तथा केन्द्रीय तहका आफ्ना छाता संगठनहरूमा आबद्ध छ । आबद्धतासँगै यसले छाता संगठनसँग गर्नुपर्ने समन्वय कायम राखेको छ ।

| क्र.सं. | आबद्ध संघको नाम |
|---|---|
| १ | जिल्ला सहकारी संघ |
| २ | नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघ |
| ३ | राष्ट्रिय सहकारी बैक लि. |

## १५. सहभागीता, शिक्षा र तालिम तथा सामाजिक उत्तरदायित्व

विभिन्न सहकारी संघ संस्था तथा सरोकारवाला निकायहरूले आयोजना गर्ने गरेका विभिन्न कार्यक्रमहरूमा संस्थाका पदाधिकारीहरू तथा आवश्यक स्थानमा कर्मचारीहरबाट सक्रिय सहभागीता जनाइएको छ ।

संस्थाका समिति उपसमितिका पदाधिकारीहरू र व्यवस्थापक लगायत कर्मचारीहरूलाई विभिन्न संघ संस्था तथा सरोकारवाला निकायहरूले आयोजना गरेका सहकारीसम्बन्धी तालिम, सेमिनार गोष्ठी आदिमा उल्लेख्य सहभागीता गराईएको छ ।

राष्ट्रिय सहकारी बैंकले साप्ताहिक रूपमा सञ्चालन गर्ने गरेको अनलाईन तालिममा सम्भव भएसम्मका कर्मचारीहरूले नियमित रूपमा कक्षामा भाग लिदै आइरहेका छन् ।

नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघ (नेफ्स्कून)ले सञ्चालन गरेको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन)मा संस्थाको सक्रिय सहभागीतालाई निरन्तरता दिईएको छ ।

संस्थाले विभिन्न समयमा समाजप्रति उत्तरदात्वि बोध गर्दै सामाजिक कार्यहरू गर्दै आइरहेको छ र यसका लागि संस्थामा रहेको सामाजिक विकास कोषमार्फत निश्चित रकम खर्च गरिदै आएका

छौं । बिगतका अनुभवले संस्थाको एक्लै प्रयासबाट भन्दा अन्य कुनै बैधानिक सामाजिक संघ संस्था संग मिलेर काम गर्दा लक्षित वर्ग र समुदायमा पुगेर काम गर्न सहज हुने भएकाले विभिन्न संघ संस्थासँग प्रस्ताव माग गरिएकोमा साबित्री देवी स्मृती प्रतिष्ठानको प्रस्ताव उचित लागेको हुँदा यस वर्ष संस्थाको सामाजिक सेवा कोषमा रहेको सम्पूर्ण रकमबाट उक्त संस्थासँग मिलेर सामाजिक कार्य गर्ने प्रस्ताव गर्दछु । उक्त कार्यक्रम लगायत अन्य सामाजिक कार्यमा सदस्यहरूको समेत सक्रिय सहभागिता तथा के कस्ता ठाउँमा के कसरी काम गर्न सकिन्छ आवश्यक सुझावको अपेक्षा गर्दछु ।

आदरणीय सदस्य महानुभावहरू !

अन्तमा, आफ्नो अमूल्य समय दिएर साधारणसभाको शोभा बढाउनका लागि उपस्थित सम्पूर्ण महानुभावहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साधारण सभाको व्यवस्थापन कार्यदलका सदस्यज्यूहरु लगायत साधारणसभालाई व्यवस्थापन गर्न सहयोग पुऱ्याउन सहयोग गर्ने न्यूँज ब्याङ्क्वेट (आरधना कम्पलेक्स) लाई समेत विषेश धन्यवाद दिन चाहन्छु । संस्थाको प्रगति विवरण, नीति तथा कार्यक्रममा व्यापक समीक्षा, छलफल गरी आवश्यक राय सल्लाह र सुझाब दिई संस्थाको भावी कार्यदिशा तय गर्नको लागि अनुरोध गर्दै संस्थालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रगतिमा सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । सदस्यज्यूहरूको आजसम्मको धैर्यतालाई उच्च सम्मान गर्दै आगामी केही समय सक्रिय सहयोग र सद्भाव कायम राख्न आ-आफ्नो तर्फबाट योगदान पुऱ्याउनु हुनेछ भन्ने विश्वास लिएको छु । आजको यस २६ औं वार्षिक साधारणसभामा मेरो यो प्रतिवेदन धैर्यतापूर्वक सुनिदिनु भएकोमा धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

जय सहकारी !!

**लक्ष्मण न्यौपाने**
अध्यक्ष

श्री ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.को
आर्थिक वर्ष २०८१/०८२ को २६औं वार्षिक साधारण सभामा

# वार्षिक साधारण सभामा प्रस्तुत लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन २०८२

यस ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २६ औं साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, ऋण उप समितिका पदाधिकारीज्यूहरू, संस्थाका ऊर्जावान कर्मचारीहरू, पत्रकार मित्रहरू, सम्पूर्ण शेयर सदस्य महानुभावहरू तथा यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण शुभचिन्तकज्यूहरूमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारीमय अभिवादन गर्दछौं ।

आ.व. २०८१|०८२ को आन्तरिक लेखापरीक्षण गर्न सहकारी ऐन २०७४ संशोधन सहितको दफा ४९(१)(ज) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा आन्तरिक लेखा परीक्षण गर्नका लागि नियुक्त भएका आन्तरिक लेखा परीक्षक बि.पि. सिंह एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्सद्वारा आन्तरिक लेखा परीक्षण गराईयो । यस समितिबाट समेत आवश्यकताअनुसार राष्ट्रिय सहकारी बैंकद्वारा सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिले प्रयोग गर्ने सरलीकृत निर्देशिका २०८० का आधारमा परीक्षण गरिएको छ । आन्तरिक लेखा परीक्षकद्वारा चौमासिक रुपमा आ.ले.प. गरेर देखाईएका कैफियतहरू व्यवस्थापकमार्फत सञ्चालक समितिमा प्रस्तुत भएका छन् । आ.ले.प. द्वारा औंल्याईएका ती कैफियतहरू व्यवस्थापनले अन्तिम लेखा परीक्षण अगावै फछ्र्यौट गर्ने गरेको पाएका छौं । हाम्रो सुझाव समयमा नै कार्यान्वयन गरेर लेखा दुरूस्त, पारदर्शी राखेकोमा सञ्चालक समिति, व्यवस्थापन तथा लेखा हेर्ने कर्मचारीहरू समेतलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । लेखा सुपरीवेक्षण जस्तो गहनतम कार्य गर्न हामीलाई अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण सदस्य महानुभावहरूलाई धन्यवाद दिन चाहन्छौं ।

हामीले सहकारी ऐन २०७४ (संशोधन सहित) को दफा ४९ र नियमावली २०७५, संस्थाको विनियम २०५६ (संशोधन सहित) संस्थाको लेखा लगायत अन्य सम्बद्ध नीतिहरू, प्रचलित लेखासँग सम्बन्धित ऐन कानुन कार्यविधिको अधिनमा रही हामीलाई तोकिदिएको अधिकारको परिधिभित्र रही यो प्रतिवेदन तयार पारेका छौं । अझ पारदर्शी र एकरूपता बनाउन राष्ट्रिय सहकारी बैंक लि. को राष्ट्रिय कार्यशालाद्वारा पारित सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिले प्रयोग गर्ने सरलीकृत निर्देशिका २०८० समेतलाई ध्यान दिई यो प्रतिवेदन तयार पारेका छौं । आवश्यक लेखाको विवरण अन्तिम लेखा परीक्षण प्रतिवेदनमा खुलाईएका छन् ।

प्रतिवेदनसँग सम्बन्धित बेहोरा तपशीलअनुसार छन् :

## १. संस्थागत सुशासन र कानुन पालना

(क) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य उप समितिको बैठक मासिकरूपमा तथा आवश्यकताअनुसार बस्ने गरेको छ ।

(ख) बैठक बस्ने व्यवस्था विनियम सम्मत रहेको छ ।

(ग) सञ्चालक लगायत समिति, उप समितिको उपस्थिति नियमित छ ।

(घ) बैठकमा गणपुरक संख्या विनियमबमोजिम पुरा भएको छ ।

(ङ) बैठकका निर्णय सर्वसम्मत छन् ।

(च) बैठकका प्रस्तावहरू अग्रिमरूपमा टेलिफोन लगायतका सञ्चार माध्यमबाट प्रेषण गर्ने गरिएको छ ।

(छ) लेखा सुपरीवेक्षण समितिले दिएको सुझावहरू सञ्चालक समिति तथा व्यवस्थापनले कार्यान्वयन गर्ने गरेको छ ।

(ज) संस्थामा लामो समयदेखि कार्यकारी प्रमुख रिक्त नै हुँदा सो पदमा अध्यक्ष श्री लक्ष्मण न्यौपानेज्यूले कार्यकारी प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको छ । कार्यकारी प्रमुखको पदपूर्तिको हुन नसकेको देखिँदा सो पदपूर्ति गर्न जरूरी देखेका छौं ।

(झ) यस संस्थामा बहालवाला कर्मचारी, सञ्चालक, लेखा सुपरीवेक्षण समिति वा कुनै कर्मचारीबीच कुनै नाता सम्बन्ध पाएका छैनौं ।

(ञ) संस्थाको आफ्नै घर हुँदा सञ्चालक वा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीको घरमा भाडामा बसेको छैन ।

(ट) कुनैपनि निकाय वा पदाधिकारीलाई लाभांश दर फरक छैन, सहकारी कानुनबमोजिम समान छ ।

(ठ) निजी स्वार्थ भएको, दायित्व भएको, दायित्व मिनाहामा सञ्चालकहरूको संलग्नता छैन ।

(ड) संस्थाको कारोबार स्वीकृत कार्यक्षेत्रभित्र छ ।

(ढ) संस्थाको ब्याजदर सहकारी विभागको सन्दर्भ ब्याजदर अनुकूल छ ।

(ण) एउटै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक समितिममा निर्वाचित भएको छैन ।

(त) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका सदस्यहरूलाई ऋण प्रवाह गरेको छैन ।

## २. आन्तरिक कार्यविधि कार्यान्वयनको अवस्था

(क) यस संस्थाले गत आ.व. मा साधारण सभाबाट पारित नीति र कार्यविधिको पूर्ण पालना गरेको छ ।

(ख) यस संस्थाद्वारा बनाईएका नीति तथा कार्यविधिहरू प्रचलित कानुनबमोजिम दोहोरो अर्थ लाग्ने, बाझिएको देखेका छैनौं ।

(ग) संस्थाले नीति, कार्यविधि, नियम आदि साधारण सभाबाट पारित गरी लागू गरेको पाएका छौं ।

(घ) संस्थाको विनियम समय सापेक्ष, ऐन कानुन अनुकूल हुने गरी अद्यावधिक गरेको पाएका छौँ ।

(ङ) सञ्चालक समितिका निर्णयहरू कार्यविधिसँग बाझिने गरेको पाएका छैनौं ।

## ३. वित्तीय व्यवस्थापन, लेखासँग सम्बन्धित विषय

(क) दैनिकरूपमा नगद विवरण, भौचर आदि व्यवस्थितरूपमा प्रमाणित गरी राखिएका छन् ।

(ख) प्रमाण संलग्न नगरी कुनै भौचर उठाईएको छैन ।

(ग) मुख्य खर्चहरू प्यान/भ्याट बिलको आधारमा मात्र खर्च लेखेको छ ।

(घ) संस्थाहरूको सबै खर्च अधिकार प्राप्त अधिकारीको स्वीकृतिका आधारमा मात्र लेखिएको छ ।

(ङ) रू. ५०,०००।– भन्दा माथिको भुक्तानी नगदमा गरिएको छैन ।

(च) स्थिर सम्पत्ति सफ्टवेयरमा कोडिङ्ग गरी राखिएको छ र स्टक भिड्छ ।

(छ) वार्षिक खर्च स्वीकृत विनियोजन खर्चको सीमाभित्र गरेको छ ।

(ज) धितो मूल्याङ्कन स्थलगत निरीक्षण गरी प्राविधिकबाट गर्ने गरिएको पाएका छौं ।

(झ) बचतमा तिरेको ब्याज र ऋण प्रवाहमा लिएको ब्याज विभागको निर्देशनअनुसारको सीमाभित्र छ ।

(ञ) नगद काउन्टर तथा ढुकुटीको बीमा गरिएको छ ।

(ट) मासिकरूपमा तरलता व्यवस्थापन र सञ्चालक समिति र व्यवस्थापनको अलग/अलग योजना बनाउन आवश्यक छ ।

(ठ) सहकारी नियमावली २०७५ मा व्यवस्था भए बमोजिम कोष बाँडफाँट गर्ने गरिएको छ ।

(ड) संस्थामा पेश्की दिने गरिएको छैन ।

(ढ) मुनाफा बाँडफाँट सबै सदस्यहरूलाई समान छ ।

## ४. अभिलेख सुरक्षा व्यवस्था

(क) संस्थामा रहेको कागजातमा जिम्मेवार व्यक्तिको मात्र पहुँच छ ।

(ख) संस्थाको अभिलेख व्यवस्थित रूपमा राखिएको छ ।

(ग) यस वर्षको घटनाबाट पाठ सिक्दै ऋणिको जग्गा धनी प्रमाणपूर्जा र तमसुक लगायतका कागजात भल्ट बनाई सुरक्षित राख्न आवश्यक छ ।

(घ) संस्थामा रहेको खाता र सफ्टवेयर भिडान हुन्छ ।

(ङ) संस्थाको दर्ता प्रमाणपत्र र प्यान देखिने गरी राखिएको छ ।

(च) संस्थाले साधारण सभा, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, ऋण उप समिति समेतको माईन्युट सुरक्षित राखेको छ ।

(छ) ऋण फाइल कारोबारको विवरण सुरक्षित रूपमा राखिएका छन् ।

(ज) सदस्यता दर्ता किताब अद्यावधिक छ ।

(झ) बैंक स्टेटमेन्टसँग संस्थाको अभिलेख भिड्छ ।

(ञ) जोखिम व्यवस्थापन समितिको व्यवस्था र जोखिम मूल्याङ्कन गर्ने गरेको छैन ।

(ट) संस्थाका महत्त्वपूर्ण अभिलेख सुरक्षित छन् ।

## ५. साधारण सभा तथा निर्णय पालना

(क) गत साधारण सभामा सदस्यको उपस्थिति ६०% भन्दा बढी देखियो ।

(ख) साधारण सभामा उपस्थितलाई लाभांश, यातायात खर्चमात्र उपलब्ध गराउने गरेको छ ।

(ग) नियामक निकायबाट निरीक्षण अनुगमन पश्चात् प्राप्त सुझावको कार्यान्वयन गरिएको छ ।

(घ) साधारण सभाको निर्णय पुस्तिका साधारण सभाले तोकेको प्रतिनिधिद्वारा प्रमाणित भएको छ ।

(ङ) साधारण सभाको निर्णय,निर्देशन शत प्रतिशत कार्यान्वयन भएको देखिन्छ ।

(च) संस्थाको साधारण सभा पौष मसान्तभित्रै गर्ने गरिएको देखिन्छ ।

## ६. सदस्य सेवा

(क) सदस्यको गुनासो सुन्ने गरिएको देखिन्छ ।

(ख) सदस्य शिक्षा "ब्राइटसँग सदस्य" कार्यक्रमको निरन्तरता देखिएन, यसलाई निरन्तरता दिनु पर्दछ ।

(ग) यो संस्थाले कुनै व्यवसाय वा कार्यक्रमसमेत अरू निकायसँग मिलेर गरेको देखिएन ।

## ७. मानव संशाधन व्यवस्थापन

(क) संस्थाले मानव संशाधन व्यवस्थापन आन्तरिक कार्यविधि बनाएको छ ।

(ख) संस्थामा कर्मचारीको वार्षिक दरबन्दी सञ्चालक समितिबाट पारित भएपछि मात्र लागू गरेको देखिन्छ ।

(ग) प्रत्येक कर्मचारीलाई (KPI) लक्ष्यसहितको कार्यविधि प्रदान गरेको देखिएन ।

(घ) प्रत्येक कर्मचारीको बिदा, उपदान, कार्य सम्पादन मूल्याङ्कनको अभिलेख सुरक्षित पाईएको छ ।

(ङ) प्रत्येक कर्मचारीलाई समय समयमा विषयगत तालिम दिने गरिएको छ ।

(च) कर्मचारीको आचार संहिता बनाई लागु गर्नु पर्दछ ।

(छ) कर्मचारीको वार्षिक ग्रेड वृद्धिको व्यवस्थामा निरन्तरता दिनु पर्दछ ।

(ज) श्रम अडिट तोकेको ढाँचामा गर्ने गरेको छ ।

## ८. लेखा सुपरीवेक्षण समितिको थप सुझावहरू

(क) संस्थाको लेखाको आन्तरिक लेखा परीक्षण गर्न यस समितिले सहकारी ऐन (संशोधन सहित) २०७४ को दफा ४९(१)(ज) बमोजिम लेखा सुपरीवेक्षण गर्न सञ्चालक समितिलाई सिफारिस गर्ने गरेको र अन्तिम लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्त गर्न साधारण सभामा पेश गर्न सिफारिस गर्ने गरेका छौं ।

(ख) आन्तरिक तथा अन्तिम लेखा परीक्षकले उठाएका कैफियतहरू फछ्र्यौट गरेको पाएका छौं ।

(ग) यस समितिले विगत देखिनै उठाउँदै आएको संस्थामा लामो समयदेखिनै केही सदस्यहरूको बचत खातामा केही रकम रहेको, यस्ता सदस्यहरूलाई संस्थामा सम्पर्क राखी, राख्न लगाई शेयर खरिद गराई अद्यावधिक गराएको नदेखिदा सहकारी ऐन (संशोधन सहित) २०७४ को दफा ३४(१)(घ), सोही ऐनको दफा ३०(१) (ख) बमोजिम सदस्यता नरहने व्यवस्था भएकाले निजको खातामा रहेको रकमको साँवा ब्याज फिर्ता गर्ने गरी मुल्तवीमा राख्न र सदस्यता किताबबाट हटाउन मनासिब हुने देखिन्छ ।

(घ) यस संस्थामा संस्थासँग गरिएका शर्तबमोजिम समयमा साँवा ब्याज भुक्तानी नगर्ने सदस्यको संख्या बढ्दै गएको देखिँदा यसतर्फ तदारूकता ल्याउन समयमा नै लगानी गरिएको रकम असुल उपर गर्न उच्च प्राथमिकता दिई कार्य अगाडि बढाउन ऋण समितिका संयोजक वा सदस्यको संयोजकत्वमा सञ्चालक सदस्य १, शेयर सदस्य मध्ये ३ र व्यवस्थापक १, ऋण अधिकृत १ समेत गरी जम्मा ७ जनाको समिति बनाई नियमित रूपमा बैठक राखी असुली कार्यलाई क्रियाशील बनाउन अति आवश्यक देखिन्छ ।

(ङ) **संस्थाको स्थायित्व,सदस्यको स्वामित्व, पारदर्शीताः** सदस्यहरूलाई बोध गराउन सहकारी शिक्षा अपरिहार्य छ । एकातिर सहकारी शिक्षाले सहकारीको मूल्य र मान्यता बोध गराउँछ भने अर्कोतिर संस्थाको अवस्था बारे थप बोध हुन्छ ।

(च) **अनिवार्य मासिक बचत :** न्यूनतम रकम भएपनि अनिवार्य बचत गर्न सदस्यहरूलाई बोध गराउनु आवश्यक छ ।

(छ) संस्थामा विगत लामो समयदेखि नै प्रबन्ध निर्देशक पदपूर्ति हुन बाँकी छ तर सहकारी क्षेत्रमा हालको अवस्थामा बचत, लगानी, असुली सबै क्षेत्रमा नकारात्मक अवस्था रहेकोले खर्च कम गर्नु पर्दछ । सहज अवस्था भएपछि लक्ष्य, उपलब्धी, कम लागतमा धेरै प्रतिफल दिने Headmanship सिद्धान्तमा नियुक्ति गरिनु पर्दछ ।

(ज) संस्था स्थायित्व हुन व्यवस्थापन कार्यान्वयन गर्न सञ्चालक समिति नीति निर्णायक तह हो भन्ने कुरा बोध हुन आवश्यक छ, यसले निरन्तरता पाउनु पर्छ ।

(झ) संस्थाले सधैं सहकारी मूल्य, मान्यता, सहकारी कानुनको अधिनमा रही सदस्य केन्द्रित, संस्थाको विनियम, साधारण सभाको निर्देशनबमोजिम कारोबार गर्न सदा सजग भएर लाग्नु पर्दछ ।

(ञ) वर्तमान अवस्थामा देशमा उद्योग, व्यापार, रोजगारी, लगानीको अवस्था ऋणात्मक भएको अवस्थामा पनि सञ्चालक समिति, व्यवस्थापनको अथक प्रयासबाट १०% मुनाफा दिन सफल भएको कुरा सकारात्मक भएको भएतापनि बचत, लगानी, असुलीमा सदस्यज्यूहरूको अहम् भूमिका हुने हुँदा संस्था कसरी चलेको छ, के के समस्या छन्, सदस्य भित्रै कारोबार गर्ने संस्थामा शर्तबमोजिम ऋण लिने सदस्यज्यूहरू किन शर्तबमोजिम समयमा नै सम्पर्क राखी सहजीकरण गर्न विमुख भए, त्यसतर्फ व्यापक छलफल गरेर संस्थाको गतिविधि क्रियाशील बनाउन सबै सदस्य सजग हुन आवश्यक छ ।

(ट) संस्थाको उन्नति, प्रगतिकालागि अपरिहार्य स्रोत भनेको कर्मचारीको ईमान्दारिता, शीघ्रता, नम्रताले संस्था सबल हन्छ भने संस्थाले प्रगति गरेमा कर्मचारीसमेतको भविष्य यसैबाट कोरिने भएकाले समयानुकूल नीति, विधि र प्रविधि अनुकूल, बढी क्रियाशील हुन आवश्यक छ । संस्थाले पनि कर्मचारीहरूको वर्तमान तथा भविष्य सुनिश्चितताको लागि श्रम ऐन लगायतका कुराहरूको अतिरिक्त नियमित वार्षिक ग्रेडको व्यवस्था गरी कर्मचारीको मनोबल बढाउने काममा संस्था सँधै सजग हुनु पर्दछ ।

(ठ) पारदर्शिता, निष्पक्षता, तटस्थता, विधिसम्मत संस्था सन्चालन गर्न तथा वर्तमान अवस्थामा सहकारी क्षेत्रमा भित्रिएको दण्डहीनताको अन्त्यकालागि सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, अन्य उप समिति र संस्थाका कर्मचारीसमेत साक्षी राखी ऋण लिने दिने गर्नु उपयुक्त हुँदैन । केही पदाधिकारीहरू यस्तो साक्षी बसेको देखिदा ऋणीबाट असुल उपर गरी फरफारक गर्न लगाउने, सो हुन नसके साक्षीको रकमबाट असुल उपर गर्ने व्यवस्था गर्नु पर्दछ ।

अन्त्यमा प्रस्तुत प्रतिवेदन उपर शेयर सदस्यज्यूहरूले गहन छलफल गरी संस्थालाई विधिको पालना गराई मजबुतीका साथ अगाडि बढाउन महत्त्वपूर्ण सल्लाह दिने विश्वास लिएका छौं । आज यस गरिमामय २६ औं साधारण सभामा हाम्रो प्रतिवेदनलाई धैर्यतापूर्वक सुनिदिई अध्ययन गरिदिनु भएकोमा सबै सदस्य महानुभावहरू र अन्य आगन्तुक महानुभावहरू प्रति आभार प्रकट गर्दछौं । प्रस्तुत प्रतिवेदन उपर गहन छलफल गरी आफ्नो बिचार, राय, सल्लाहसमेत दिनुहुन र वर्तमान अवस्थामा सञ्चालक समिति र व्यवस्थापनको अथक प्रयासबाट १०% सम्म मुनाफाको व्यवस्था गरेको छ । सबै ऋणी सदस्यहरूले सम्झौताबमोजिम समयमा नै साँवा ब्याज बुझाउनु भएको भए अझ राम्रो प्रतिफल प्राप्त हुने थियो भन्ने कुरालाई बोध गरी गम्भीर रूपमा लिई यो प्रतिवेदन पारित गरिदिनुहुन हार्दिक आग्रह समेत गर्दछौं ।

धन्यवाद ।

जय सहकारी ।

| | | |
|---|---|---|
| **हरिवोल बडाल** | **गोकर्ण बहादुर थापा** | **गंगा प्रसाद शर्मा घोरसाइन** |
| सदस्य | सचिव | संयोजक |

### ब्राइट बचत तथा ऋण सहकारी संस्था लि. को
### २६औं वार्षिक साधारण सभामा व्यवस्थापनको तर्फबाट प्रस्तुत आ.व. २०८२/८३ को
# वार्षिक कार्यक्रम तथा बजेट

संस्थाको गरिमामय २६औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, माननीय सञ्चालक समितिका पदाधिकारीज्यूहरू, विभिन्न समिति उपसमितिका सम्मानित पदाधिकारीज्यूहरू, शेयर सदस्य महानुभावहरू, कर्मचारी साथीहरू साथै सरोकारवाला निकाय एवम् शुभचिन्तकज्यूहरूमा सहकारीमय अभिवादन गर्दछु । म यस गरिमामय वार्षिक साधारण सभामा संस्थाको सञ्चालक समितिको आज्ञाले आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०८१/८२ मा वित्तीय प्रणालीमा देखिएको दबाब, ऋण मागमा संकुचन, ब्याजदरमा गिरावट, डिजिटल वित्तीय कारोबार प्रवर्धन नीतिहरू, सहकारी क्षेत्रप्रति सरोकारवालाको दृष्टिकोण, र बहु आयामिक आर्थिक, सामाजिक, राजनीतिक तथा पर्यावरणीय चुनौतीहरूले संस्थाको सञ्चालन र कार्यसम्पादनमा प्रभाव पारेको छ । यस बाबजुद, संस्थाले जोखिम व्यवस्थापन, सन्तुलित वृद्धि, सुशासन र पुँजी सुदृढीकरणमा ध्यान दिँदै सदस्य सेवाप्रति आफ्नो उत्तरदायित्व कायम राखेको छ । फलस्वरूप, संस्थाले यस आर्थिक वर्षमा पनि सदस्यहरूलाई सुरक्षित, अविचलित र उत्तरदायी सेवा प्रदान गर्दै आफूलाई सुदृढ, व्यवस्थित र विश्वसनीय रूपमा सञ्चालन गर्न सफल भएको छ । समीक्षाधीन आर्थिक वर्षमा संस्थाले सदस्य केन्द्रित सेवा प्रवाहलाई सुदृढ बनाउँदै वित्तीय स्थायित्व, सुशासन तथा जोखिम व्यवस्थापनका पक्षहरूमा उल्लेखनीय प्रगति गरेको छ । सदस्यहरूबाट निरन्तररूपमा प्राप्त विश्वास, सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिबाट नीतिगत तहमा प्रदान गरिएको मार्गदर्शन र सक्रिय अनुगमन, सक्षम, अनुशासित तथा उत्तरदायी व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनको परिणामस्वरूप संस्थाको समग्र कार्यसम्पादन सन्तोषजनक रहन पुगेको छ । प्रमुख वित्तीय सूचकहरू पुँजी पर्याप्तता, तरलता, ऋण गुणस्तर तथा सञ्चालन दक्षतामा सकारात्मक सुधार देखिएको छ, जसले संस्थाको दिगोपन र भविष्यप्रति विश्वसनीयता थप सुदृढ गरेको छ ।

आदरणीय सदस्यज्यूहरू,

समीक्षा वर्षमा हासिल गरिएका उपलब्धिहरूको वस्तुगत विश्लेषणले आगामी आर्थिक वर्षका लागि थप यथार्थपरक, सुदृढ तथा दिगो नीति, रणनीति र कार्ययोजना तर्जुमा गर्न संस्थालाई महत्त्वपूर्ण मार्गदर्शन प्रदान गरेको छ । यस समीक्षा वर्षको लक्ष्य तथा उपलब्धिलाई देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### आ.व. २०८१/०८२ को प्रमुख वित्तीय लक्ष्य तथा उपलब्धी

| विवरण | लक्ष्य | उपलब्धी | उपलब्धी प्रतिशत |
|---|---|---|---|
| शेयर पुँजी | ८०,१०५,०००।०० | ७७,६२६,१००।०० | ९६।९१% |
| साधारण जगेडा कोष | ९१,०६५,३६९।६८ | ९३,८९७,४०६।०० | १०३।११% |
| अन्य कोषहरू | ४९,४४९,४७२।५७ | ४८,६४०,३५४।०० | ९८।३६% |
| ऋण सुरक्षण कोष | १९,७५८,९०५।०० | २२,८३७,६३५।०० | ११५।५८% |

| विवरण | लक्ष्य | उपलब्धी | उपलब्धी प्रतिशत |
|---|---|---|---|
| निक्षेप हिसाब | ४५६,२०२,०००।०० | ४७९,९५०,८१८।०० | १०५।२१% |
| नगद मौज्दात | ८८२,५२६।०३ | १,३५५,३७०।०० | १५३।५८% |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ९१,२४०,४००।०० | १२९,०३६,४७१।०० | १४१।४२% |
| लगानी हिसाब | २,१३०,०००।०० | २,०२८,४००।०० | ९५।२३% |
| ऋण लगानी | ५८०,७२७,०००।०० | ५४९,०१९,३७०।०० | ९४।५४% |
| कुल सम्पत्ति | ७४२,८१७,२२७।२६ | ७५२,०२६,०९५।०० | १०१।२४% |
| ऋणबाट ब्याज आम्दानी | ७९,२३४,०००।०० | ८९,७५६,८४३।०० | ११३।२८% |
| ब्याज खर्च | ६१,२२४,०००।०० | ५१,९७१,४५५।०० | ८४।८९% |
| बैंकबाट ब्याज आम्दानी | २,६९६,०००।०० | १,३८८,०१६।२१ | ५१।४८% |
| अन्य सञ्चालन आम्दानी | २३,९३५,४००।०० | ५,६१७,९५३ ।७९ | २३।४७% |
| कर्मचारी खर्च | ६,३७६,०००।०० | ५,८७३,१७३।०० | ९२।११% |
| समिति/उपसमिती खर्च | ५५६,०००।०० | ४७३,८८२।३९ | ८५।२३% |
| अन्य सञ्चालन खर्च | ५,८४२,०००।०० | ४,६२५,७४९।६१ | ७९।१८% |
| ह्रासकट्टी तथा अपलेखन खर्च | १,५००,०००।०० | १,४७२,९२७।०० | ९८।२०% |
| ऋण जोखिम कोष व्यवस्था खर्च | ४५०,०००।०० | २,६८५,९७३।०० | ५९६।८८% |

## आ.व. २०८२/८३ को कार्यक्रम तथा बजेटको लक्ष्य तथा उद्देश्यहरू

अब म, आ.व. २०८२/०८३ का लागि संस्थाले सञ्चालक समितिबाट स्वीकृत गरेका नीति, कार्यक्रम र योजनाहरू यस गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । चालु आ.व. को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट संस्थाले निम्न मुख्य उद्देश्यहरू हासिल गर्ने विश्वास गरिएको छ ।

- सदस्यता वृद्धिका साथै निर्णय प्रक्रियामा सदस्यहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- सदस्यको आवश्यकता र चाहनाअनुसार नयाँ सेवा विकास गरी सञ्चालित सेवामा लक्षित वर्गका सदस्यहरूको सहभागिता अभिवृद्धि गर्ने ।
- समान विशेषतायुक्त सेवाहरूको एकीकरण गरी वार्षिक रूपमा प्रस्तावित सेवाहरूको पुनरावलोकन गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने ।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन मार्फत कर्मचारीको व्यावसायिकता विकास गर्ने र परिणाममुखी आन्तरिक प्रतिस्पर्धात्मक सोचलाई प्रवर्धन गर्ने ।
- सेवाको पहुँच नपुगेका कार्यक्षेत्रमा सेवाको पहुँच विस्तार गर्ने ।
- सुलभ, प्रतिस्पधी र प्रविधिमा आधारित सुरक्षित ऋण सेवा सुनिश्चित गर्ने ।
- उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्ने ।
- नवीनतम प्रविधिको आन्तरिकीकरण गरी युवा तथा किशोर पुस्तामा संस्थाको आकर्षण वृद्धि गर्ने ।

आदरणीय सदस्यज्यूहरू, संस्थाले उल्लेखित उद्देश्य हाँसिल गर्नका लागि संस्थाले देहायका नीति अङ्गीकार गर्नेछः

- ब्याजदर तथा अन्य लागत त्रैमासिक समीक्षा गरी प्रतिस्पर्धी बनाउने ।

- वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने र पुँजी वृद्धि गर्ने ।
- आन्तरिक वित्तीय सक्षमता कायम राख्ने र नियमित बचत गर्ने सदस्यलाई प्राथमिकता दिने ।
- गैर सञ्चालित ऋण ५% भन्दा कम कायम राख्ने ।
- सदस्य सरोकार सुदृढ पार्ने र व्यावसायिक र आयमूलक ऋणलाई प्राथमिकता दिने ।
- सेवा प्रभावकारिता बढाउने, प्रविधि आन्तरिकीकरण गरी २४/७ पहुँच सुनिश्चित गर्ने ।
- प्रतिस्पर्धी सेवा र युवा आकर्षणका लागि नविनतम प्रविधि प्रयोग गर्ने ।
- सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन गर्ने र सदस्य र समुदायसँग दिगो सम्बन्ध कायम गर्ने ।
- नेतृत्व विकास र सञ्चालक र सुपरीवेक्षण समितिको सीप वृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- कर्मचारीको दक्षता र उत्पादकत्व वृद्धि गर्न तालिम र सिकाइ अवसर प्रदान गर्ने ।

आदरणीय सदस्यज्यूहरू,

अब म माथि उल्लेखित नीतिहरूको कार्यान्वयनको लागि चालु आ.व. मा गरिने कार्यक्रम तथा क्रियाकलापहरूको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । अध्ययन सहजताको लागि यसका मुख्य विषयहरूलाई बुँदागतरूपमा देहायमा प्रस्तुत गरिएको छ ।

## सदस्यता व्यवस्थापन

सदस्य गुणस्तरलाई प्राथमिकता दिइनेछ । सबै सदस्यहरूको नियमित बचत अनिवार्य गरिनेछ । सदस्य लक्षित कार्यक्रममा सक्रिय सहभागितालाई आधार मानी निस्क्रिय सदस्यहरूको सदस्यता खारेज गरिनेछ ।

## जनशक्ति व्यवस्थापन

कर्मचारीको क्षमता विकासलाई योजनाबद्धरूपमा निरन्तरता दिइनेछ । क्षमताको आधारमा जिम्मेवारी सहित कार्यविवरण प्रदान गरिनेछ । दक्ष जनशक्ति मार्फत उच्चस्तरको उत्पादकत्वलाई विशेष प्राथमिकता दिई संस्थाको वित्तीय अवस्था, सदस्य सहभागिता र सम्पत्तिको गुणस्तरका आधारमा दरबन्दी व्यवस्थापन गरिनेछ । कार्यसम्पादनको आधारमा आन्तरिक प्रतिस्पर्धा र वृत्ति विकासको अवसर व्यवस्थित गरिनेछ ।

### कर्मचारी उत्पादकत्व विश्लेषण

| सूचक | जम्मा | कर्मचारी | प्रति कर्मचारी |
|---|---|---|---|
| सदस्य | ११३६ जना | ८ जना | १४२ जना |
| कुल सम्पत्ति | ७५ करोड | ८ जना | ९।३८ करोड |
| कुल ऋण | ५४।९० करोड | ८ जना | ६।८६ करोड |
| कुल बचत | ४७।९९ करोड | ८ जना | ६ करोड |

## अनुपालना

संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित नियामक निकायहरूबाट जारी भएका प्रचलित ऐन, कानुन, नियमावली, निर्देशन, परिपत्र तथा मापदण्डहरूको संस्थाद्वारा अक्षरशः तथा पूर्णरूपमा परिपालना गरिनेछ । प्रचलित कानुनी तथा नियामकीय व्यवस्था अनुसार संस्थाका आन्तरिक नीति, निर्देशिका, कार्यविधि तथा नीतिगत संरचनाहरूलाई समय–समयमा पुनरावलोकन, परिमार्जन र अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।

## अनुगमन तथा सुपरीवेक्षण

संस्थाका प्रत्येक तहमा दोहोरो नियन्त्रण प्रणाली कायम गरिनेछ । प्रत्येक तहबाट हुने काम तथा कारबाहीहरू माथिल्लो तहबाट अनुगमन तथा सुपरीवेक्षण हुने व्यवस्था मिलाइनेछ । व्यवस्थापनका माथिल्ला तह, विषयगत उपसमितिहरू, आन्तरिक लेखा परीक्षक, लेखा सुपरीवेक्षण समिति, सञ्चालक

समिति र विषयगत केन्द्रीय संघबाट नियमित अनुगमन तथा सुपरीवेक्षणको सुनिश्चिता गरिने छ ।

## संस्थागत परीक्षण

संस्थाको वित्तीय, व्यवस्थापकीय तथा सञ्चालनगत अवस्थाको नियमित परीक्षण तथा मूल्याङ्कनमार्फत पहिचान भएका कमजोरी सुधार गर्न आवश्यक कार्ययोजना तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा हुने नियामकीय परीक्षण, निरीक्षण तथा अनुगमनलाई संस्थागत दायित्वका रूपमा ग्रहण गरिनेछ । संस्थामा प्रचलित कानुनी तथा नियामकीय व्यवस्था अनुरूप मान्यता प्राप्त चार्टर्ड एकाउन्टेन्ट (CA) फर्ममार्फत स्वतन्त्र आन्तरिक लेखा परीक्षण सम्पन्न गरिनेछ तथा साधारण सभाबाट नियुक्त स्वतन्त्र बाह्य लेखा परीक्षकमार्फत अन्तिम लेखा परीक्षण कार्य समयमै सम्पन्न गरिनेछ ।

## सदस्य शिक्षा

सदस्यहरूको आवश्यकता अनुसार प्राविधिक ज्ञान, सीप तथा उद्यमशीलता विकाससम्बन्धी सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरी व्यावसायिक क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ । यसमार्फत ऋण लगानीलाई उत्पादनशील तथा आयआर्जन मूलक क्षेत्रमा प्राथमिकता साथ परिचालन गरिनेछ ।

## सदस्य प्रोत्साहन तथा संरक्षण

संस्थालाई समुदाय र सदस्यसँग दिगो एवम् व्यावसायिक सम्बन्ध कायम गर्न सदस्य प्रोत्साहन र संरक्षणका कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिइने छ । सदस्यको मृत्यु भएमा सदस्य परिवारलाई उपलब्ध गराउँदै आइएको रकम रू. १०,०००।- (दस हजार), सदस्य स्वास्थ्य कार्यक्रमअन्तर्गत अस्पताल भर्ना भई सदस्यको उपचारका लागि उपलब्ध गराउँदै आइएको रकम रू. ५,०००।- (पाँच हजार) र सदस्य दुर्घटना बिमा कार्यक्रमअन्तर्गत उपलब्ध गराउँदै आइएको रकम रू. १,००,०००।- (एक लाख) देखि रू. ५,००,०००।- (पाँच लाख) सम्मको सुविधालाई निरन्तरता दिइनेछ ।

## कर्जा जोखिम न्यूनीकरण

- ऋण परामर्श र विस्तृत ऋण विश्लेषणमा अनिवार्य सहभागी गराएरमात्र ऋण लगानी गर्ने ।
- ऋणको नियमित परीक्षण र ऋणी सदस्यहरूको अवस्थाको विश्लेषण गरिरहने ।
- ऋण लगानीको क्षेत्र विविधिकरणमा जोड दिने ।
- ऋण जोखिमको पूर्व जानकारी प्राप्त हुने प्रणालीको अभ्यास गर्ने, जोखिममा पर्नु अघि तत्काल कार्यान्वयन गर्ने ।

## ब्याजदर जोखिम न्यूनीकरण गर्ने

- बचत सम्मिश्रणमा आवधिक बचतको अनुपात घटाउने ।
- आधार ब्याजदरको अभ्यास सुरू गर्ने ।
- बचत र ऋणको ब्याजदर तथा स्प्रेडको नियमित परीक्षण गर्ने ।
- बजार ब्याजदरको नियमित जानकारी संकलन गरिनेछ ।

## तरलता जोखिम न्यूनीकरण गर्ने

- अनपेक्षित रकम फिर्ता र सदस्यहरूको आवश्यकता पुरा गर्नको लागि पर्याप्त तरलताको व्यवस्था गर्ने ।
- तरलता चापको विश्लेषण गर्दै फरक फरक समयमा तरलता व्यवस्थापनको लागि तरलता व्यवस्थापन कार्यविधि लागु गर्ने ।

## नियामकीय अनुपालन जोखिम न्यूनिकरण गर्ने

- नियामकीय दायित्व परिपालना गर्ने र नयाँ कानुन, निर्देशन र परिपत्रहरुमा अद्यावधिक रहने ।

- संस्थाभित्र स्थापित नीति, नियम र निर्णयहरूको परिधिभित्र रही सञ्चालित हुने अभ्यासलाई थप पोषित गर्ने ।
- नियामकीय दायित्व परिपालना सम्बन्धी सञ्चालक र कर्मचारीहरूबिच अभिमुखकीरण गर्ने ।

## भाखा नाघेको ऋण असुली तथा कानुनी प्रकृया

संस्थाले सदस्यको आवश्यकता र वित्तीय क्षेत्रका नयाँ अवधारणालाई मध्यनजर गर्दै ऋण लगानी, असुली र उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि नीतिलाई प्राथमिकता दिएको छ। नयाँ ऋण सेवाको विकास, विद्यमान सेवाका शर्तहरूको पुनरावलोकन, र सदस्यको बचत सुरक्षित राख्ने उपायमा पर्याप्त ध्यान दिइएको छ । यसका लागि सफ्टवेयरमा अभिलेख व्यवस्थापन, तीन तहको नियन्त्रण प्रणाली, ऋण उपसमितिको नियमित बैठक र सुपरीवेक्षण, आन्तरिक तथा बाह्य लेखापरीक्षकद्वारा परीक्षण र सुझावको पालनालगायत नीति तथा प्रक्रिया अपनाइएका छन् । लामो समय नाघेका ऋणको असुलीका लागि कानुनी प्रक्रिया पनि अवलम्बन गरिएको छ ।

## आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेट

| | कुल जम्मा | ४७९,९५०,८१८ | ४६८,६१६,८९६ |

### ४.१३ अन्य दायित्व

| क्र.सं. | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | ब्याजमा कर कट्टी | ७८९,७९० | ८०३,२९५ |
| २ | तलबमा कर कट्टी | २७८,००९ | ५३,२४८ |
| ३ | सामाजिक सुरक्षा कर | - | - |
| ४ | भवन मर्मत कर | - | - |
| ५ | सञ्चालक समिति बैठक कर | ४४,७०० | ४६,२०० |
| ६ | सेवा शुल्क कर | २३,४८७ | ३,१५६ |
| ७ | लेखा परीक्षण शुल्कको कर कट्टी | ६,७५० | ४,२७५ |
| ८ | परामर्श शुल्कमा कर कट्टी | - | २,२५० |
| ९ | लेखा परीक्षण शुल्क | ३५१,७५० | ३१७,७७५ |
| १० | परामर्श शुल्क | - | १६७,२५० |
| ११ | सञ्चालक समिति बैठक भत्ता तिर्नुपर्ने | २,१२५ | २,१२५ |
| १२ | अन्य भुक्तानी दिनुपर्ने हिसाब | २२६,७०९ | २६०,९४१ |
| १३ | धरौटी | - | - |
| १४ | सामाजिक सुरक्षा कोष दायित्व | - | ८२,७०५ |
| १५ | कर्मचारीलाई तिर्नुपर्ने | - | - |
| १६ | स्थिरीकरण कोष | ६४८,५५५ | ९८३,३८० |
| १७ | संरक्षित पुँजी फिर्ता कोष | ४,३५२,७१८ | ६,५९९,८६३ |

| क्र.सं. | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १८ | सहकारी प्रवर्धन कोष | ८७,०५४ | १३१,९९७ |
| १९ | तिर्न बाँकी ब्याज | १,१७८ | १३,३९२ |
| २० | कर्मचारी बोनस व्यवस्था | १,२९७,११० | १,९६६,७५९ |
| | जम्मा | ८,१०९,९३५ | ११,४३८,६११ |

## ४.१४ शेयर पुँजी तथा स्वामित्व

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| **१. शेयर पुँजी** | - | - |
| **१.१. स्वीकृत शेयर पुँजी** | | |
| क) १,०००,००० साधारण शेयर प्रति शेयर रू.१०० ले | | |
| ख) ........ नन् रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ...... ले | - | - |
| ग) ........ रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू...........ले | - | - |
| **१.२ चुक्ता पुँजी** | | |
| क) ७७६,२६१ साधारण शेयर प्रति शेयर रू.१०० ले साधारण शेयर प्रति शेयर रू.१०० ले | ७७,६२६,१०० | ७७,७७१,१०० |
| ख) ........ नन् रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ...... ले | - | - |
| ग) ........ रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू...........ले | - | - |
| **१.३ जम्मा रकम** | ७७,६२६,१०० | ७७,७७१,१०० |

| शेयर स्वामित्व विवरण | आषाढ मसान्त २०८२ | | आषाढ मसान्त २०८१ | |
|---|---|---|---|---|
| | प्रतिशत | शेयर पुँजी | प्रतिशत | शेयर पुँजी |
| **१. स्वदेशी स्वामित्व** | | ७७,६२६,१०० | | ७७,७७१,१०० |
| १.१ नेपाल सरकार | | | - | - |
| १.२ "क" वर्गका इजाजतपत्र प्राप्त संस्थाहरू | | | - | - |
| १.३ अन्य इजाजतपत्र प्राप्त संस्थाहरू | | | - | - |
| १.४ अन्य संस्थाहरू | | | - | - |
| १.५ सर्वसाधारण | १०० | ७७,६२६,१०० | १०० | ७७,७७१,१०० |
| १.६ अन्य | | | - | - |
| **२. वैदेशिक स्वामित्व** | | | - | - |
| जम्मा | | ७७,६२६,१०० | १०० | ७७,७७१,१०० |

## ४.१५ अन्य कोषहरू

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| **१. पुँजीगत जगेडा कोष** | - | - |
| **२. पुँजी समायोजन कोष** | - | - |
| **३. NFRS समायोजन कोष** | २७,६२४,२४१ | २७,४७८,७६२ |
| **४. विमाङ्किक कोष** | | |
| **५. अन्य जगेडा तथा कोष** | १५,६१५,०५५ | १९,९६९,१०८ |
| ५.१ सहकारी शिक्षा कोष | ६४८,५५५ | १,०४१,१४१ |
| ५.२ सामुदायिक विकास कोष | ६४८,५५५ | १,४३५,४८५ |
| ५.३ शेयर लाभांश कोष | ७,७८२,६६० | ११,८००,५५४ |
| ५.४ घाटापुर्ति कोष | ५,२३८,१७५ | ३,७२५,१७० |
| ५.५ सहकारी विकास कोष | ६४८,५५५ | ९८३,३८० |
| ५.६ जोखिम व्यवस्थापन कोष | ६४८,५५५ | ९८३,३८० |
| **६. सञ्चित नाफा/नोक्सान** | ५,४०१,०५८ | ५,४०१,०५८ |
| **७. सटही घटबढ कोष** | - | - |
| **जम्मा** | ४८,६४०,३५४ | ५२,८४८,९२८ |

## ४.१६ संभावित दायित्व र प्रतिबद्धता

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| संभावित दायित्व | - | - |
| वितरण नागरिएको सुविधाहरू | - | - |
| पुँजी प्रतिबद्धता | - | - |
| पट्टा प्रतिबद्धता | - | - |
| मुद्दा मामिला | - | - |
| **जम्मा** | - | - |

## ४.१६.१ संभावित दायित्व

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| स्वीकार्यता तथा डकुमेन्ट्री क्रेडिट | - | - |
| बिल्स फर कलेक्स्न | - | - |
| अग्रिम विनिमय सम्फौता | - | - |
| जमानत | - | - |
| प्रत्याभुती प्रतिबद्धता | - | - |
| अन्य | - | - |
| **जम्मा** | - | - |

### ४.१६.२ वितरण नगरिएको सुविधाहरू

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| वितरण नगरिएको कर्जा | | |
| ओभरड्राफ्टको उपयोग नगरिएको सिमा | - | - |
| जमानत उपयोग नगरिएको | - | - |
| **जम्मा** | - | - |

### ४.१६.३ पुँजीगत प्रतिबद्धता

सम्बन्धित अधिकारीद्वारा स्वीकृत गरिएको तर वित्तीय विवरणमा नगरिएको पुँजीगत खर्च ।

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| सम्पत्ति तथा उपकरणको लागि पुँजी प्रतिबद्धता | - | - |
| स्वीकृत र सम्झौता गरिएको | | - |
| स्वीकृत गरिएको तर सम्झौता नगरिएको | - | - |
| **जम्मा** | - | - |

| | | |
|---|---|---|
| **अमुर्त सम्पत्तिको लागि पुँजी प्रतिबद्धता** | - | - |
| स्वीकृत र सम्झौता गरिएको | - | - |
| स्वीकृत गरिएको तर सम्झौता नगरिएको | - | - |
| **जम्मा** | - | - |
| **कुल जम्मा** | - | - |

### ४.१६.४ पट्टा प्रतिबद्धता

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| **संचालित पट्टा प्रतिबद्धता** | - | - |
| सहकारीले पट्टा लिएको खण्डमा रद्द गर्न नसकिने पट्टा सम्झौताअनुसार घटीमा तिर्नु पर्ने भविष्यको रकम | - | - |
| एक वर्ष ननाघेको | - | - |
| एक वर्षभन्दा बढी ५ वर्षभन्दा कम | - | - |
| ५ वर्ष माथिको | - | - |
| **जम्मा** | - | - |
| **वित्तीय पट्टा प्रतिबद्धता** | - | - |
| सहकारीले पट्टा लिएको खण्डमा रद्द गर्न नसकिने पट्टा सम्झौताअनुसार घटीमा तिर्नु पर्ने भविष्यको रकम | - | - |
| एक वर्ष ननाघेको | - | - |
| एक वर्षभन्दा बढी ५ वर्षभन्दा कम | - | - |
| ५ वर्ष माथिको | - | - |
| **जम्मा** | - | - |

## ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाण्डौं महानगरपालिका-२८, बागबजार

**२०८२ आषाढ मसान्तको**

### ४.४.१ इक्विटीमा गरिएको लगानीको जानकारी

| विवरण | अषाढ मसान्त २०८२ | | अषाढ मसान्त २०८१ | |
|---|---|---|---|---|
| | लागत मूल्य | फेयर मूल्य | लागत मूल्य | फेयर मूल्य |
| ङ. संगठित संस्थाहरूको शेयर | | | | |
| राष्ट्रिय सहकारी बैंक लि. | १,००५,००० | १,००५,००० | १,००५,००० | १,००५,००० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | १,०१२,४०० | १,०१२,४०० | १,०१२,४०० | १,०१२,४०० |
| जिल्ला सहकारी संघ लि. | ११,००० | ११,००० | ११,००० | ११,००० |
| **खुद लगानी** | २,०२८,४०० | २,०२८,४०० | २,०२८,४०० | २,०२८,४०० |

मुद्दती निक्षेप र अन्य बचत मा रहेको लगानीलाई सहकारीले परिपक्व हुने बेलासम्म राख्न सक्ने अभिप्राय तथा क्षमता रहेकाले यो सम्पत्तिहरूलाई परिपक्व हुने वित्तीय सम्पत्तिअन्तर्गत वर्गिकरण गरिएको छ । यी उपकरणहरूले प्रदान गर्ने स्थिर दरले यी उपकरणहरूमा निहित जोखिमहरूलाई पर्याप्त रूपमा क्षतिपूर्ति गर्दछ ।

माथि उल्लेखित भएको कुनै पनि शेयर लगानीमा सहकारीको नियन्त्रण (control) वा उल्लेखनीय प्रवाह (significant influence) रहेको छैन । यी लगानीको फेयर भ्याल्लु उतारचढावलाई अन्य विस्तृत आय विवरणमा समायोजित गरिएको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| **विष्णु भट्टराई** | **दिपक श्रेष्ठ** | **राजेन्द्र कुमार थापा** | **लक्ष्मण न्यौपाने** | **गंगा शर्मा घोरसाइने** | **बालचन्द्र श्रेष्ठ, एफसिए** |
| लेखा प्रमुख | नि. कार्यालय प्रमुख | कोषाध्यक्ष | अध्यक्ष | संयोजक, लेखा सु. समिति | बालचन्द्र एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स |

### ४.१७ ब्याज आम्दानी

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| **क. ऋण सापटमा** | ८९,७५६,८४३ | १०४,३२९,२०० |
| १. ऋण सापट | ८९,७५६,८४३ | १०४,३२९,२०० |
| २. कर्मचारी ऋण सापट | - | - |
| **ख. लगानीमा** | | |
| १. नेपाल सरकारको ऋणपत्र | | |
| (क) ट्रेजरी बिल्स | - | - |
| (ख) विकास ऋणपत्र | - | - |
| (ग) राष्ट्रिय बचत पत्र | - | - |
| २. विदेशी ऋणपत्र | | |
| (क) ट्रेजरी बिल्स | - | - |
| (ख) विकास ऋणपत्र | - | - |
| ३. नेपाल राष्ट्र बैंकको ऋणपत्र | | |
| ४. शेयर, डिवेन्चर तथा बण्ड | | |
| (क) बैंक/वित्तीय संस्थाहरू | - | - |
| (ख) अन्य संस्थाहरू | - | - |
| **ग. एजेन्सी मौज्दातमा** | | |
| १. स्वदेशी बैंक/वित्तीय संस्थाहरू | - | - |
| २. विदेशी बैंकहरू | - | - |
| **घ. माग तथा अल्प सुचनामा प्राप्त हुने मौज्दातमा** | | |
| १. स्वदेशी बैंक/वित्तीय संस्थाहरू | - | - |
| २. विदेशी बैंकहरू | - | - |
| **ङ. अन्यमा** | १,३८८,०१६ | १,७९७,०२२ |
| १. सर्टिफिकेट अफ डिपोजिट | | |
| २. अन्तर बैंक/वित्तीय संस्था कर्जा | | |
| ३. बैंक तथा वित्तीय संस्थाको मौज्दातमा | १,३८८,०१६ | १,७९७,०२२ |
| **जम्मा** | ९१,१४४,८५९ | १०६,१२६,२२२ |

### ४.१८ ब्याज खर्च

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| **क. बचत तथा निक्षेप दायित्वमा** | ४९,०७१,२३२ | ५०,१८१,५२१ |
| १. आवधिक निक्षेप | ३२,०७४,६३८ | ३२,६१६,९७१ |
| १.१ स्वदेशी मुद्रा | ३२,०७४,६३८ | ३२,६१६,९७१ |
| १.२ विदेशी मुद्रा | - | - |
| २. बचत निक्षेप | १६,९९६,५९४ | १७,५६४,५५० |
| २.१ स्वदेशी मुद्रा | १६,९९६,५९४ | १७,५६४,५५० |

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| २.२ विदेशी मुद्रा | - | - |
| ३. मागेको बखत तिर्नुपर्ने निक्षेप | - | - |
| ३.१ स्वदेशी मुद्रा | - | - |
| ३.२ विदेशी मुद्रा | - | - |
| ४. सर्टिफिकेट अफ डिपोजिटस् | - | - |
| **ख. कर्जा सापटमा** | २,९००,२२३ | ८,१७६,२३८ |
| १. ऋणपत्र तथा बण्ड | - | - |
| २. नेपाल राष्ट्र बैंकबाट प्राप्त ऋण | - | - |
| ३. अन्तर बैंक/वित्तीय संघ संस्था ऋण (सेवा शुल्क सहित) | २,९००,२२३ | ८,१७६,२३८ |
| ४. अन्य संगठित संस्था | - | - |
| ५. अन्य ऋण | - | - |
| ग. अन्यमा | | |
| १. कोष परिचालन खर्च | - | - |
| २. पट्टा दायित्वमा ब्याज खर्च | - | - |
| **जम्मा** | **५१,९७१,४५५** | **५८,३५७,७५९** |

## ४.१९ शुल्क तथा कमिशन आय

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| **क. शुल्क** | ४,२६२,०५५ | ७८७,३०० |
| १. कर्जा व्यवस्थापन शुल्क | ४,२१५,०५५ | ७४९,३०० |
| २. अन्य सदस्य सेवा शुल्क | ४७,००० | ३८,००० |
| **ख. कमिशन** | ४१,२५० | ३७,९५० |
| १. स्मार्ट बैंकिङ्ग कमिशन | ४१,२५० | ३७,९५० |
| २. रेमिटेन्स कारोबार कमिशन | - | - |
| ३. ए.टि.एम कार्ड | - | - |
| ४. इसेवा | - | - |
| **ग. अन्य** | - | - |
| **जम्मा** | ४,३०३,३०५ | ८२५,२५० |

## ४.२० शुल्क तथा कमिशन खर्च

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| ए टी एम र मोबाईल बैंकिङ्ग शुल्क | - | - |
| अन्य शुल्क र कमिशन खर्च | - | - |
| **जम्मा** | - | - |

### ४.२१ अन्य सञ्चालन आम्दानी

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| १. प्रवेश शुल्क आम्दानी | २,७०० | १,३०० |
| २. लाभांश आम्दानी | - | - |
| ३. अन्य | ४३,९४८ | २८,६९५ |
| जम्मा | ४६,६४८ | २९,९९५ |

### ४.२२ कर्जाको क्षती प्रभार/(विपर्यय) तथा अन्य हानी

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| ग्राहकलाई दिने कर्जा तथा सापटीमा व्यवस्था | २,६८५,९७३ | ८४२,७५७ |
| साख तथा अभौतिक सम्पत्तिमा नोक्सानी व्यवस्था | - | - |
| जम्मा | २,६८५,९७३ | ८४२,७५७ |

### ४.२३ कर्मचारी खर्च

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| १. तलब | ३,५०५,८१० | ३,७२७,३५० |
| २. भत्ता | ३२०,१०२ | ११२,८३९ |
| ३. कर्मचारी इन्धन खर्च | - | २,५०० |
| ४. बीमा | १२७,१४२ | १३४,५७१ |
| ५. पेन्सन तथा उपदान व्यवस्था | - | - |
| ६. कर्मचारी चाड खर्च | २४२,७५० | २७०,२५० |
| ७. कर्मचारी बिदा खर्च | १०३,८७५ | ११९,५४३ |
| ८. अन्य भत्ता खर्च | - | १०,००० |
| ९. कर्मचारी खाजा खर्च | ३७२,७७३ | ३१७,१६५ |
| १०. मर्मत भत्ता खर्च | ५४,००० | ६३,००० |
| ११. उपदान खर्च (सामाजिक सुरक्षा कोष अन्तर्गत) | २६५,४८५ | २८२,२६२ |
| १२. परिवहन भत्ता खर्च | ५०२,००० | ५३४,००० |
| १३. सामाजिक सुरक्षा खर्च | ५३,२२५ | ५६,५८८ |
| १४. पोशाक खर्च | ३२६,०११ | - |
| जम्मा | ५,८७३,१७३ | ५,६३०,०६७ |

### ४.२४ सञ्चालन तथा प्रशासनिक खर्च

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| १. बत्ती बिजुली र पानी | १६९,२९७ | १४१,७९१ |
| २. मर्मत तथा सम्भार | १८४,९०५ | २४४,०१४ |
| (क) भवन | ५६,८९५ | १२०,५६३ |
| (ख) सवारी साधन | ७७,०१७ | ८२,४९० |
| (ग) अफिस उपकरण | ५०,९९२ | ४०,९६२ |

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| ३. बीमा | १५७,८८७ | १३६,६५७ |
| ४. सञ्चार खर्च | ३४,९०० | - |
| ५. भ्रमण भत्ता र खर्च | - | - |
| ६. मसलन्द र छपाई | १०२,०९८ | ७६,६६६ |
| ७. पत्रपत्रिका तथा पुस्तक | ९,८१० | १३,२०० |
| ८. सूचना संप्रेषण | ३१,९०० | १३,९९० |
| ९. कानुनी खर्च | - | - |
| १०. सामाजिक कार्यक्रम | - | - |
| ११. सञ्चालक समितिसम्बन्धी खर्च | ४७३,८८२ | ४६३,००० |
| (क) बैठक भत्ता | ४७३,८८२ | ४६३,००० |
| (ख) अन्य खर्च | - | - |
| १२. सुशासन सम्बन्धी खर्च : क) साधारण सभासम्बन्धी खर्च | २,५३४,३५९ | १,८७२,१८० |
| ख) वार्षिक कार्यक्रम खर्च | १६,९९७ | ७९,५९९ |
| १३. लेखा परीक्षण सम्बन्धी | ५०८,५०० | ३२२,०५० |
| (क) बाह्य लेखा परीक्षण शुल्क | २५४,२५० | १५२,५५० |
| (ख) आन्तरिक लेखा परीक्षण शुल्क | २५४,२५० | १६९,५०० |
| (ग) लेखा परीक्षण खर्च | - | - |
| १४. परामर्श खर्च | २५,००० | १९४,५०० |
| १५. अतिथी सत्कार/मनोरञ्जन खर्च | - | - |
| १६. सुरक्षा खर्च | - | - |
| १७. सञ्चार खर्च | ४८,२०० | ५५,०८२ |
| १८. ईन्धन खर्च | २२,००० | ३,५०० |
| १९. सफ्टवेयर नविकरण शुल्क | ६३,३४१ | ६०,७०४ |
| २०. लेखा सुपरीवेक्षण खर्च | - | - |
| २१. बैठक व्यवस्थापन खर्च | - | - |
| २२. निर्वाचन समिति बैठक भत्ता खर्च | - | - |
| २३. स्वास्थ्य सामाग्री खर्च | ९०० | ५,८८० |
| २४. सुरक्षा गार्ड खर्च | २५७,०७५ | २५७,०७५ |
| २५. अन्य | ४५८,५८१ | ५६८,९६५ |
| क. कार्यालय सञ्चालन खर्च | ८,३७० | १,९५० |
| ख. दर्ता तथा नविकरण खर्च | १७१,०४९ | १८८,६६२ |
| ग. विविध खर्च (अनुसूची ४.२४.१) | २७९,१६२ | ३७८,३५३ |
| घ. ज्याला (यातायात खर्च तथा ढुवानी) | - | - |
| ङ. समवेदना तथा साँस्कृतिक संरक्षण खर्च | - | - |
| जम्मा | ५,०९९,६३३ | ४,५०८,८५३ |

### ४.२४.१ विविध खर्च विवरण

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| स्थापना दिवस खर्च | - | - |
| स्मार्ट बैंकिङ खर्च | ५१,०३० | ४४,०१५ |
| खुद्रा सामान खरिद | ३२,५९१ | ४,२७५ |
| अपलेखन खर्च | १११,६५७ | - |
| बैंक चार्ज | १,७५६ | १,८५१ |
| पुजा खर्च | ५२,९९० | २८५,७४१ |
| सरसफाई खर्च | २८,७७० | ४२,०९६ |
| अन्य खर्च | ३६७ | ३७५ |
| जम्मा | २७९,१६२ | ३७८,३५३ |

### ४.२५ ह्रासकट्टी र परिशोधन (Depreciation & Amortization)

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| सम्पत्ति तथा सामग्रीमा ह्रासकट्टी | १,४३७,४७८ | १,६१९,७८८ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | - | - |
| अमूर्त सम्पत्तिको परिशोधन | ३५,४४९ | ३३,१९० |
| जम्मा | १,४७२,९२७ | १,६५२,९७८ |

### ४.२६ गैर सञ्चालन आम्दानी

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | - | - |
| घरभाडा आम्दानी | १,२६८,००० | १,२९६,००० |
| संरक्षण पुँजी फिर्ता कोष आम्दानी | - | ८०,४११ |
| निर्वाचनका लागि दर्ता शुल्क | - | - |
| जम्मा | १,२६८,००० | १,३७६,४११ |

### ४.२७ गैर सञ्चालन खर्च

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| स्थीर सम्पत्ति अपलेखन | - | - |
| अन्य खर्च | - | - |
| जम्मा | - | - |

## ४.२८ आयकर खर्च

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| **चालु कर खर्च** | ६,१९०,४७३ | ९,१२४,११२ |
| यस वर्ष | ५,४५२,२२० | ९,१२४,११२ |
| पछिल्लो वर्षहरूको समायोजन | ७३८,२५३ | - |
| **स्थगन कर खर्च** | १०९,२०२ | (१,६२९,२२९) |
| अल्पकालीन भिन्नताहरूको सुरूवात र रिभर्सल | १०९,२०२ | (१,६२९,२२९) |
| कर दरमा परिवर्तन | - | - |
| पहिले लेखाङ्कन नगरिएको कर घाटा | - | - |
| **जम्मा आयकर खर्च** | ६,२९९,६७५ | ७,४९४,८८२ |

## ४.२८.१ कर खर्च र लेखाङ्कन नाफाको मिलान

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| कर अघिको नाफा | २९,६५९,६५३ | ३७,३६५,४६४ |
| कर २० प्रतिशतको दरले | ५,९३१,९३१ | ७,४७३,०९३ |
| जोड्नेः करको निम्ति घटाउन नमिल्ने खर्चहरूले करमा पर्ने असर | ३१,६५१ | १,७३९,४७९ |
| घटाउनेः छुट आम्दानीमा करको असर | - | (१६,०८२) |
| जोड्ने/घटाउने : अन्य वस्तुहरूको करमा असर | (५११,३६१) | (९६,५२२) |
| घटाउनेः करको निम्ति घटाउन नमिल्ने खर्च/आम्दानीहरूको करमा पर्ने असर | - | २४,१४४ |
| घटाउनेः अगाडिका आ.व. बाट सारिएको नोक्सानीमा करको असर | - | - |
| **जम्मा आय कर खर्च** | ५,४५२,२२० | ९,१२४,११२ |
| **प्रभावकारी कर दर** | १८.३८% | २४.४२% |

**विष्णु भट्टराई**
लेखा प्रमुख

**दिपक श्रेष्ठ**
नि. कार्यालय प्रमुख

**राजेन्द्र कुमार थापा**
कोषाध्यक्ष

**गंगा शर्मा घोरसाइने**
संयोजक, लेखा सु. समिति

**लक्ष्मण न्यौपाने**
अध्यक्ष

**बालचन्द्र श्रेष्ठ, एफसिए**
बालचन्द्र एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

## ४.७ स्थिर सम्पत्ति तथा ह्रासकट्टी विवरण

| विवरण | जग्गा | भवन | विधुतीय सामग्री | परिवहन साधन | फर्निचर तथा फिक्सचर | अन्य सम्पत्ति | निर्माणाधिन भवन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **परल मोल** | | | | | | | | |
| **श्रावण १, २०८० को मौज्दात** | ४१,९४५,४०४.६६ | २२,२४८,०८९.४८ | ७७३,१२१.७५ | ४८२,१५२.९३ | ७०९,२५५.६१ | १,५२७,४४९.९५ | | ६७,६८५,४७४.३८ |
| यस वर्ष थप | | | | | | | | |
| व्यापार संयोजन बाट थप | - | - | ४६,०००.०० | | | ४७,०५९.८५ | - | ९३,०५९.८५ |
| पुँजिकृत | - | - | | | | | | |
| यस वर्षको बिक्री | - | - | - | - | - | - | - | - |
| समायोजन/पुनः मूल्याङ्कन | - | - | - | - | - | - | - | - |
| **आषाढ २०८१ अन्तिमको मौज्दात** | ४१,९४५,४०४.६६ | २२,२४८,०८९.४८ | ८१९,१२१.७५ | ४८२,१५२.९३ | ७०९,२५५.६१ | १,५७४,५०९.८० | - | ६७,७७८,५३४.२३ |
| **यस वर्ष थप** | | | | | | | | |
| व्यापार संयोजन बाट थप | - | - | - | - | - | ९६०५ | - | ९,६०५.०० |
| पुँजिकृत | - | - | - | - | - | - | - | - |
| यस वर्षको बिक्री | - | - | - | - | (४३,८०१.००) | (६७,८५६.००) | - | (१११,६५७.००) |
| समायोजन/पुनः मूल्याङ्कन | - | - | - | - | - | - | - | - |
| **आषाढ २०८२ अन्तिमको मौज्दात** | ४१,९४५,४०४.६६ | २२,२४८,०८९.४८ | ८१९,१२१.७५ | ४८२,१५२.९३ | ६६५,४५४.६१ | १,५१६,२५८.८० | - | ६७,६७६,४८२.२३ |
| **परिशोधन र प्रभार** | | | | | | | | |
| **श्रावण १, २०८० को मौज्दात** | - | १,११२,४०४.४७ | १८७,५६३.१९ | ९६,४३२.३९ | १७७,३१३.७५ | २२१,१४४.६३ | - | १,७९४,८५८.४३ |
| यस वर्षको परिशोधन | - | १,०५६,७८४.२५ | १५१,८०६.८८ | ७७,१४५.९३ | १३२,९८५.३३ | २०१,०६६.११ | | १,६१९,७८८.५० |
| यस वर्षका प्रभार | | | | | | | | |

| विवरण | जग्गा | भवन | विधुतीय सामग्री | परिवहन साधन | फर्निचर तथा फिक्सचर | अन्य सम्पत्ति | निर्माणाधिन भवन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बिक्री | - | - | - | - | - | - | - | - |
| समायोजन | - | - | - | - | - | - | - | - |
| **आषाढ २०८१ अन्तिमको मौज्दात** | - | २,१६९,१८८.७२ | ३३९,३७०.०६ | १७३,५७८.३२ | ३१०,२९९.०८ | ४२२,२१०.७५ | - | ३,४१४,६४६.९३ |
| यस वर्षको परिशोधन | - | १,००३,९४५.०५ | ९९,७३९.०० | ६१,७१६.८० | १०८,९८८.०० | १६३,०८८.६६ | - | १,४३७,४७७.५१ |
| यस वर्षका प्रभार | | | | | | | | |
| बिक्री | - | - | - | - | - | - | - | - |
| समायोजन | - | | - | - | - | - | - | - |
| **आषाढ २०८२ अन्तिमको मौज्दात** | - | ३,१७३,१३३.७७ | ४३९,१०९.०६ | २३५,२९५.१२ | ४१९,२८७.०८ | ५८५,२९९.४१ | - | ४,८५२,१२४.४४ |
| **खुद किताबी मूल्य** | - | - | - | - | - | - | - | - |
| **आषाढ २०८१ अन्तिमको मौज्दात** | ४१,९४५,४०४.६६ | २०,०७८,९००.७६ | ४७९,७५१.६९ | ३०८,५७४.६१ | ३९८,९५६.५३ | १,१५२,२९९.०५ | - | ६४,३६३,८८७.३० |
| **आषाढ २०८२ अन्तिमको मौज्दात** | १,९४५,४०४.६६ | १९,०७४,९५५.७१ | ३८०,०१२.६९ | २४६,८५७.८१ | २४६,१६७.५३ | ९३०,९५९.३९ | - | ६२,८२४,३५७.७९ |

**विष्णु भट्टराई**
लेखा प्रमुख

**दिपक श्रेष्ठ**
नि. कार्यालय प्रमुख

**राजेन्द्र कुमार थापा**
कोषाध्यक्ष

**लक्ष्मण न्यौपाने**
अध्यक्ष

**गंगा शर्मा घोरसाइने**
संयोजक, लेखा सु. समिति

**बालचन्द्र श्रेष्ठ, एफसिए**
बालचन्द्र एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

काठमाण्डौं महानगरपालिका-२८, बागबजार

**आ.व. २०८१/८२**

## १. सामान्य जानकारी

का.म.न.पा. वडा नं. २८ मा आफ्नै जग्गामा कार्यालय भवन रहेको यो सहकारी २०५६ साल भाद्र १४ गते सहकारी ऐन २०४८ नियमावली २०४९ बमोजिम डिभिजन सहकारी कार्यालयमा दर्ता नं. ५११/०५६/०५७ अन्तर्गत दर्ता भएको हो । २०५६ साल असोज ११ गतेबाट कार्यारम्भ गरेको यस संस्थाको आन्तरिक राजश्व कार्यालय पुतलीसडकमा पान नं. ३००३२२२२२ अन्तर्गत दर्ता रहेको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सदस्यता

यस संस्था जिल्ला सहकारी संघ काठमाडौँ, राष्ट्रिय स्तरमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक लि. को सदस्य रहेको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान तथा पुरस्कार

- आर्थिक वर्ष २०७८/०७९ मा राष्ट्रिय सहकारी बैंक लि. को १८ औं साधारण सभामा आफुसँग कारोबार गर्ने संस्थाहरू मध्ये उत्कृष्ट घोषित भई सम्मान प्राप्त ।

**सदस्य तथा सेवाग्राही विवरण**

| विवरण | २०८२ आषाढ मसान्त | २०८१ आषाढ मसान्त |
|---|---|---|
| पुरूष सदस्य | ७१५ | ७२८ |
| महिला सदस्या | ४१८ | ४१० |
| संस्थागत सदस्य | ३ | ३ |
| **जम्मा** | **११३६** | **११४१** |
| **जम्मा सेवाग्राही** | **११३६** | **११४१** |

## २. लेखाङ्कनका आधार

### २.१. अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal- ASBN) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal- ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard-NFRS) भएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरू सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ बागमती प्रदेश सहकारी ऐन २०७५, सहकारी नियमावली २०६८ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकका अधीनमा रही तयार पारिएका छन् ।

उक्त वार्षिक विवरण तयार गर्दा अपनाइएका प्रमुख नीतिहरू बुँदामा प्रस्तुत गरिएका छन् ।

### २.१.१ Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन नेपान वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरू पहिलो पटक नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् । विगत आर्थिक वर्षको वित्तीय विवरणलाई आर्थिक

वर्ष २०८१/८२ को तुलनात्मक रूपमा एकरूपता ल्याउन सो आर्थिक वर्ष २०८०/८१ का वित्तीय विवरणलाई समेत NFRS मा भएका व्यवस्थाहरू बमोजिम आवश्यकता अनुसार पुनःवर्गीकरण तथा पुनर्लेखन गरिएका छन् ।

**२.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था**

नेपाल लेखामान बोर्डको सिफारिशमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदनमानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लेखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरूको लागि मात्र व्यवस्था गरिए तापनि यस सहकारी संस्थाले व्यावहारिक कठिनाई र Materiality लाई मध्यनजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

**क) NFRS 9 वित्तीय उपकरण पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provison) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्थाअनुसार संस्थाने नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको निर्देशन नं २/०७७ बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS-9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोहि ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभागद्वारा जारी एकीकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था NFRS-9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन हुन्छ, सोलाई नोक्सानी व्यवस्था गरेको छ ।

**ख) NFRS-9 वित्तीय उपकरण पहिचान तथा मापन (समायोजित ब्याज दर) Effective Interest Rate सम्बन्धी**

NFRS-9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यावहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ ।

वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाउनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accural Basis) लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन नगरी सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

**२.१.३ प्रतिवेदनको समयावधी तथा वित्तीय विवरणको स्वीकृति**

संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको सुरूवात २०८१ श्रावण १ गते र अन्त्य २०८२ असार ३२ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०८१।८२ को वित्तीय विवरण २०८२/०८/१२ मा पारित गरेको साथै शेयर सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिस गरिएको छ ।

## २.२ वित्तीय विवरणको उत्तरदायित्व

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त

उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरे बमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरू समावेश गरिएका छन् :

(क) संस्थाको आषाढ मसान्त, २०८२ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्न वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य वस्तुको आयको विवरण (Statement of Profit or Loss and Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८१/८२ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows)

(घ) संस्थाको आर्थिक वर्ष २०८१/८२ मा जाय-जेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने बिमा भएको परिवर्तनसम्बन्धी विवरण (Statement of Change in Equity)

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा गरिएको प्रमुख लेखा नीतिहरू वित्तीय विवरणसंग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरू समेटिएको लेखासम्बन्धी टिप्पणीहरू ।

## २.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरू संस्थाको कार्यात्मक मुद्रा नेपाली रूपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत विवरणमा आम्दानी र खर्चलाई तिनको प्रकृतिक आधारमा वर्गीकरण गरिएको छ । अंकहरू निकटतम रूपैयाँमा परिणत गरी देखाइएको छ । यसले गर्दा हरेक अङ्कहरूको योग प्रस्तुत गरिएको योगफलसँग अलग हुन सक्दछ । यस बाहेक सबै प्रतिशतहरूलाई Rounding off गरी प्रस्तुत गरिएको छ ।

## २.४. महत्त्वपूर्ण लेखाङ्कन निर्णय र अनुमान

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption) तथा स्वविवेक (Judgement) हरूलाई आधार बनाइएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुलन पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान धारणा तथा स्वविवेकको प्रयोगले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधी निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provisions for Liabilities, Commitments and Contingencies)

- लगानी सम्पत्तिको वर्गीकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लेखित मूल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति र मापन Amortized Cost (परीशोधित मूल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरूमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मूल्य) मा वर्गीकरण गरिएका,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएका,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएका

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरणअनुसार मूल्याङ्कन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुति तथा मूल्याङ्कनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्धनको लागि एकीकृत निर्देशन २०८२ को बुँदा नं ४५ बमोजिम NFRS-9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढि हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याइएको छ ।

NFRS-9 को Para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्ने निम्न लिखित बुँदाहरूमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरू अवलम्बन गरेको छ :

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट ।
- एकल रूपमा महत्त्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा ।
- नोक्सानी व्यवस्थाको मूल्याङ्कन गर्ने प्रश्नहरू भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान ।

आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरूलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कनगर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यका आधारमा समायोजन गर्ने गरेको छ ।

संस्थाको वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थासम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था**

संस्थाले आवधिक रूपमा गैर वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परीक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त

Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नु पर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ ।

### २.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधी

संस्थाले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रूपमा स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधी तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

### २.४.६ कर तथा स्थगन कर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

#### (क) चालु कर

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा करसम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित ) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

#### (ख) स्थगन कर

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन ।

### २.४.७ परिभाषित लाभ दायित्व (Defined Benefit Obligation)

संस्थाने कर्मचारी प्रतिको निम्न प्रकारका दायित्वहरूलाई परिभाषित लाभ दायित्व 'Defined Benefit Obligation' को रूपमा पहिचान गरेको छ:

#### उपदान बापतको दायित्व

Acturial (अंक विद्या) मूल्याङ्कनको लागि Discount दर, सम्पत्तिको अनुमानित प्रतिफल दर, अनुमानित तलव बढोत्तरीको दर, मृत्यु दर आदिको बारेमा विभिन्न धारणाहरू (Assumptions) अवलम्बन गरिएको हुन्छ ।

संस्थाले उक्त परिभाषित लाभ दायित्वको अवधिसँग मिल्ने नेपाल सरकारद्वारा जारी ऋणपत्रको ब्याज दरलाई Discount दरको रूपमा लिएको हुन्छ । उपरोक्त धारणाहरू उपलब्ध भएसम्म मिल्दो जुल्दो सार्वजनिक रूपमा उपलब्ध आधिकारिक तथ्याङ्कहरूलाई आधार बनाई अवलम्बन गरिएको हुन्छ यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१२ मा प्रस्तुत गरिएको छ ।

### २.४.८ सम्भावित दायित्वहरूमा लागि व्यवस्था

सम्भावित दायित्वहरूमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरू जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा संस्थाको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरूले निर्णय गर्ने तथा विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल नगरिएका दायित्वहरू पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको । यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१६ मा प्रस्तुत गरिएको छ ।

**२.४.९ लगानी सम्पत्तिको वर्गीकरण**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रूपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । संस्थाने यी स्वविवेकको एकनास रूपले प्रयोग गर्न मापदण्डहरूको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पुँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले संस्थाले अन्य सम्पत्तिहरू भन्दा स्वतन्त्र रूपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रूपमा वर्गीकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन सञ्चालनका लागि वा सेवा प्रदान गर्नका लागि का प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रूपमा प्रत्यक्ष नगद प्रवाहहरू उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रूपमा वर्गीकरण गरिन्छ । संस्थाले वार्षिक रूपमा आफ्ना सम्पत्तिहरूको वर्तमान उपयोगलाई ध्यानमा राखी सम्पत्तिको वर्गीकरण गर्दछ ।

## २.५ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरू

नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (ICAN) ले २०७७ आषाढ ११ (NFRS 2018) मा NFRS को नयाँ संस्करण जारी गरेको छ । जसमा NFRS 9 वित्तीय उपकरणहरू (Financial Instruments), NFRS-14 नियामक स्थगित खाताहरू (Regulatory deferral accounts), NFRS-15 ग्राहकहरूसँगको सम्झौताबाट राजस्व (Revenue from Contract with Customers), अनुपालना गरिएको छ ।

## २.६ संस्थाको निरन्तरता/अविच्छिन्नतामा आधारित लेखा नीति (Going Concern)

संस्थाको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संस्था अविच्छिन्न रूपमा सञ्चालन हुन सक्ने पाएको छ । साथै व्यवस्थापनले संस्थाको अविच्छिन्न रूपमा सञ्चालन हुन सक्ने क्षमतामा बाधा पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविच्छिन्नतामा आधारित रहेर वित्तीय विवरणहरू तयार पारिएको छ ।

## २.७ तुलानात्मक जानकारी

लेखा नीतिहरू सबै अवधिमा समान रूपले अवलम्बन गरिएको छ । गत आर्थिक वषर्का वित्तीय रकमहरूलाई आवश्यकता अनुसार पूनःवर्गीकरण गरिएका छन् ।

## २.८ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरू

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति) आषाढ ३२, २०८२ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरू प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्थासम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकूल या प्रतिकूल घटनाहरूलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरू भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा ५.४ मा प्रस्तुत गरिएको छ ।

# ३ प्रमुख लेखा नीतिहरू

### ३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS–9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ
- कर्मचारीहरूको लागि व्यवस्था गरिएको परिभाषित लाभ दायित्व (Defined Benefit

Obligation) लाई NAS–19 बमोजिम उचित मूल्यका आधारमा मापन गरिएको छ ।

- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको आधारमा मापन गरिएको छ ।

**३.२ नगद र नगद समान**

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेस्मेन्टलाई जनाउँदछ । प्रतिबन्धित मौज्दातलाई नगद र नगद समान समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

**३.३ वित्तीय सम्पत्ति तथा दायित्व**

अनुबन्धित सम्झौताअनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्तिअन्तर्गत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौताअन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

**३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति**

कुनै करार वा सम्झौताअन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रूपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

**३.४.२ वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन**

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरू सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ ।

**३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात् को मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्यौल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

माथिका वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरूको आधारमा गरिन्छ :

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

**३.४.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति**

निम्न लिखित दुवै मापदण्डहरू पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गीकरण गरी मापन गरिन्छ ।

**१. Business Model परीक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधिसम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्देश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षण**

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको बक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुबै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरू (Debt Instrument) प्रभावकारी ब्याजदर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिशोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मूल्यमा पुनवर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.४.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्यभित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूको आवधिक मूल्याङ्कन गरिन्छ । यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

**३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्दछ । यो वर्गमा वर्गीकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनःमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतनसम्बन्धीको विवरणबाट सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफामध्ये बिक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ।

### ३.४.४ वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन

NFRS–9 "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरूलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

### ३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूलाई उक्त दायित्व सिर्जना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय रहेको छैन ।

### ३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । सुरूवाती मापन पश्चात परिशोधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पून:वर्गीकरण

वित्तीय सम्पत्ति तथा दायित्वको पून:वर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्दछ । वित्तीय सम्पत्तिको पून:वर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापन छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पुन:वर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुन:वर्गीकरण गर्नु जरूरी देखिएमा यस्तो पुन:वर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरू सो पुन:वर्गीकरणको मितिमा तथा सो मिति पश्चातमात्र लागू हुन्छ । सो मिति अधिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन ।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पुन:वर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पुन:वर्गीकरण हुनु अघिको किताबी मूल्य पुन:वर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

### ३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

### ३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पूर्ण वा आशिक रूपमा निसर्ग भएको स्थिति हुन आउछ :

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा ।
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा ।

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.६.२ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएका दायित्वहरू समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण

तरल बजारमा कारोबार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु ध्यान वासालातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मूल्य Closing Price हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरूको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरू (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरूलाई चाहिने निवेशहरू (Inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरूको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृयाअन्तर्गत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट" छुट गर्नुपर्दछ । यी उपकरणहरूको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट (बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरू (Assumptions) अन्तर्गत मानहरू पनि महत्त्वपूर्ण रूपले (significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रमअनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्त्वलाई झल्काउँछ ।

**स्तर-१:** समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरू (Unadjusted) ।

**स्तर-२:** अवलोकन योग्य निवेशहरू (observable inputs) को आधारमा या त सिधै (मूल्यको रूपमा) वा अप्रत्यक्ष रूपमा (मूल्यबाट प्राप्त) मूल्य

**निर्धारण विधि** : यस वर्गअन्तर्गत उपकरणहरूको मूल्य निम्न तरिकाहरू प्रयोग गरी निर्धारण गरिन्छ

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यमा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरूमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरू जहाँ सबै महत्पूर्ण निवेशहरू (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

**स्तर-३:** निरीक्षण गर्न नसकिने महत्त्वपूर्ण निवेशहरू (significant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि यस वर्गअन्र्तगत समान उपकरणहरूको उदधृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरू पर्दछन् । यसरी मूल्याङ्कन गर्यो महत्त्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (Significant unobservable adjustments) वा धारणाहरू (Assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्यौल गर्न अपनाइएको

पद्धतिको बारे थप जानकारी बुंदा न. ५.१ मा प्रस्तुत गरिएको छ ।

### ३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरूको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरू यस प्रकार रहेका छन् :

- खराब वित्तीय अवस्था
- सम्झौताका शर्तहरूको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- वित्तीय सम्पत्तिबाट सुरूवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

### ३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कनगर्दा प्रयोग गरिएको समायोजित ब्याजदरने Discounting गर्दा हुन आउने रकमबीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नुपर्ने भनी उजागर गर्ने प्रमाणहरूले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ । यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

### ३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्था

एकल रूपमा महत्त्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरूलाई मध्यनजर गरिएको हुन्छ :

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

### ३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था

उस्तै प्रकृतिका ऋणहरूलाई समूहमा वर्गीकरण गरिन्छ । सामूहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन सांख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधिअनुसार विगतमा प्रवाहित ऋणहरूलाई समुहअनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रूपमा पुनरावलोकन गर्ने गरिन्छ ।

### ३.४.८.४ पूनःसंरचना र पुनःतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता

ऋणलाई पुनःतालिकीकरण अथवा पुनःसंरचना गरिएको हुन्छ । यसरी पुनःतालिकीकरण या पुनःसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरूवातको समायोजित ब्याजदरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रूपमा गणना गरिदैन । यस्ता ऋणलाई एकल रूपमा महत्त्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

### ३.४.८.५ NFRS 9 वित्तीय उपकरण- पहिचान, लेखाङ्कन तथा मापन (ऋणा नोक्सानी व्यवस्था सम्बन्धी)

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ । दुबै व्यवस्थाअनुसारको ऋण नोक्सानी व्यवस्थाको विवरण यस प्रकार छ :

| कर्जा नोक्सानी व्यवस्था | ३२ आषाढ २०८२ |
|---|---|
| एकीकृत निर्देशन, २०८२ बमोजिम गर्नुपर्ने | १०,४६,०७,११४.९ |
| NFRS-9 को अनुसुची ५.५.१७ बमोजिम | २,२८,३७,६३५ |
| दुबै मध्य बढी हुने रकम | १०,४६,०७,११४.९ |

तर संस्थाका ऋणहरूमा एकीकृत निर्देशिका बमोजिम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था रकम धेरै देखिएता पनि संस्थाले यथेष्ट धितो राखी कर्जा प्रवाह गरेकाले संस्थाले आ. व. २०८१/८२ मा रू. २,२८,३७,६३५ कर्जा नोक्सानीका लागि व्यवस्था गरेको छ ।

### ३.३.८ प्रचलित ब्याजदरभन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी

संस्थाले आफ्ना कर्मचारीहरूलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधानभित्र रही सहुलियत ब्याजदरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको सुरूवाती मूल्य Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रूपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रूपमा Amortised Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याजदर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रूपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

### ३.४.६ प्रचलित ब्याजदरभन्दा कम ब्याजदरमा कर्मचारीलाई प्रवाहित सापटी

संस्थाले आफ्ना कर्मचारीहरूलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधानभित्र रही सहुलियत ब्याजदरमा ऋण सापटी प्रवाह गर्ने गरेको छैन ।

### ३.४.७ Amortized Cost को मापन

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रूपमा सो को सुरूवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, सञ्चित परिशोधन खर्च तथा सञ्चित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको

उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

### ३.५ लगानी सम्पत्ति (Investment Properties)

NFRS-16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS-5 (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको सञ्चालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंकिंङ्ग सम्पत्तिको रूपमा प्राप्त गरेको जग्गा वा भवन वा दुबैलाई लगानी सम्पत्तिको रूपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS-16 अनुसार ऐतिहासिक मूल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ ।

### ३.६ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणहरू एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16-'Property, Plant & Equipment' को व्यवस्थाअनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

### ३.६.१ मापनको आधार

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पुँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रूपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरूलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.६.२ लागत तरिका (Cost Model)

जग्गा तथा भवन बाहेकका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई 'Cost Model' मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

### ३.६.३ पुनःमूल्याङ्कन तरिका (Revaluation Model)

संस्थाले आफ्नो नाममा रहेको जग्गा तथा भवनका लागि लागि पुनःमूल्याङ्कन Model अपनाएको छ । यस Model अनुसार त्यस्ता स्थिर सम्पत्तिलाई पुनःमूल्याङ्कन भएको मूल्यबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

### ३.६.४ निसर्ग (Derecognition)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि काम नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.६.५ पुँजीकृत नगरिएका स्थिर सम्पत्ति

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शीर्षकअन्तर्गत देखाइन्छ । यस्ता खर्चहरूलाई उक्त सम्पर्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शीर्षकबाट स्थिर सम्पत्तिको लागतको रूपमा रकमान्तर गरी पुँजीकृत गरिन्छ । (अनुसूची ४.७)

### ३.६.६ ह्रासकट्टी

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र ROU (Right of Use) सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घट्दो ह्रासकट्टी प्रणाली (Written Down Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ । संस्थाका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधिलाई दर्शाउने ह्रासकट्टी दर निम्न बमोजिम छ :

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग आधार |
|---|---|
| भवन | ५% |
| विधुतीय सामग्री | २५% |
| फर्निचर तथा फिक्सर | २५% |
| अफिस उपकरण | २५% |
| अन्य सम्पत्ति | १५% |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सकिय प्रयोगबाट निष्क्रिय नहुन्जेल सो मा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्धति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रूपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६.८ अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरू समय सापेक्ष राख्न नियमित रूपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.७ साख तथा अभौतिक सम्पत्ति लेखाङ्कन

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो । जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखाङ्कन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । सुरूमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण या अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाङ्कन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरूलाई अमूर्त सम्पत्तिको रूपमा पुँजीकरण गरिदैन ।

### ३.७.१ अभौतिक सम्पत्ति

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाने तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाङ्कन गर्ने गरेको छः

- लागतको मापन गर्ने सकिने भएको
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रूपमा लेखाइन गरिएको छ ।

### ३.७.२ कम्प्युटर सफ्टवेयर

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयीकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रूपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

**३.७.३ अमूर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी**

अमूर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पुनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ ।

**३.७.४** अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.८ आयकर**

संस्थाले आयकर लेखाइन NAS 12- Income Tax को प्रावधानबमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

जेथा (Equity) मा भएको परिवर्तनसम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोवारमा सिर्जित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ । चालु आयकरसम्बन्धी थप जानकारी बूँदा नं ४.२८ मा तथा स्थगन करसम्बन्धीको थप जानकारी बुँदा नं ४.५ मा प्रस्तुत गरिएको छ ।

**३.८.१ वित्तीय विवरण अवधिको कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर करसम्बन्धी कानुनबमोजिम वासलात मितिमा लागु भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्थाबमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**३.८.२ स्थगन कर**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रूपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दाबी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागु हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

यस कारण यस संस्थालाई लागु भएको परिवर्तित आयकर दर २०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

संस्थाको नीतिअनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याइएको छ ।

**३.९ सम्भावित दायित्वहरू**

संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा लेखाङ्कन NAS-37 – Provisions, Contingent Liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरूमा देहाय बमोजिमका विषयहरू समावेश गरिएका छनः

**३.९.१** विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरू जसको अस्तित्व संस्थाको नियन्त्रणभन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरूले निर्क्यौल गर्दछ ।

**३.९.२** विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हान लेखाङ्कन नगरिएका दायित्वहरू

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने स्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएका सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

### ३.१० आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS-15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

### ३.१०.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको सापटीमा प्राप्त ब्याज रकमहरू समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्था आ.व. २०८१/८२ मा रू. ८१,८७६,४६७।– र आ.व २०८०/८१ मा रू. २९,८७३,४०९।– ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।

ब्याज आम्दानीसम्बन्धी थप विवरण बुँदा नं. ४.१७ मा प्रस्तुत गरिएको छ ।

### ३.१०.२ शुल्क तथा कमिशन आय

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋणसम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरू सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख) मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ । शुल्क तथा कमिशन आयसम्बन्धी थप विवरण बुँदा नं. ४.१९ मा प्रस्तुत गरिएको छ ।

### ३.१०.३ लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई स्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ । संस्थाले प्राप्त गरेको लाभांश आम्दानीको विवरण बुँदा नं. ४.२१ मा प्रस्तुत गरिएको छ ।

### ३.१०.४ खुद व्यापारिक आम्दानी

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षकअन्तर्गत

प्रस्तुत गरेको छ । हाल संस्था कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन । यस सम्बन्धी थप जानकारी बुँदा नं. ४. २३ मा प्रस्तुत गरिएको छ ।

### ३.१०.५ अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानीअन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षकअन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाइदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ । यस सम्बन्धी थप विवरण बुँदा नं ४.२१ मा प्रस्तुत गरिएको छ ।

### ३.११ ब्याज खर्च

सदस्यहरूको निक्षेप खाता, संस्थाने प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accural Accounting) लेखाङ्कन गरिन्छ। यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१८ मा प्रस्तुत गरिएको छ ।

### ३.१२ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाने NAS 19 – "Empolyee Benefits" को प्रावधान बमोजिम गरेको छ । संस्थाने कर्मचारीहरूबाट प्राप्त गरेको सेवा बापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन्ः

### ३.१२.१ अल्पकालीन कर्मचारी खर्चहरू

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिनाभित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरू (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरूमा पर्दछन् ।

अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् या सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरू (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

### ३.१२.२ रोजगार पछिको सुविधा जस्तै

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)
- अन्य रोजगार पछिको लाभ जस्तै रोजगार पछिको जीवन विमा, रोजगार पछिको औषधोपचार सेवा

### ३.१२.२.१ परिभाषित योगदान योजना

NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगारी पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाने निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रूपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले प्रत्येक कर्मचारीको तलबको ३१ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरू NAS 19 बमोजिम परिभाषित

योगदान योजनाअन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

### ३.१२.२.२ परिभाषित लाभ योजना

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगारी पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्था सामाजिक सुरक्षा कोषअन्तर्गत दर्ता भएको कारणले परिभाषित लाभ योजनाअन्तर्गत दायित्व गणना गरिनु पर्ने छैन ।

### ३.१२.३ अन्य दिर्घाकालीन कर्मचारी सुविधा

**कर्मचारी बिदा वापतको खर्च**

(क) संस्थाको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरूलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरू कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्ः

- सञ्चित हुने र
- सञ्चित नहुने ।

ग) संस्थाले बिदा वापतका खर्चहरू यस प्रकारले लेखाङ्कन गर्दछ :

संस्थाले वर्षको अन्तिममा संकलन भएको बिदाको बापत सम्पूर्ण रकम वर्षको अन्तिममा भुक्तनी गर्ने गरेको र सोही बमोजिम लेखांङ्कन गरिएको छ ।

### ३.१३. शेयर पुँजी र जगेडा कोषहरू

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्थाअनुसार संस्थाको कार्यक्षेत्रभित्र बसोवास गर्ने १६ वर्ष उमेर पुरा गरेका नेपाली नागरिकहरू कम्तिमा एकथान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Converitble Instrument आदि रहेको छैन । संस्थाले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ ।

### ३.१३ कोषहरू

कोषअन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, संरक्षित पुँजी फिर्ता कोष, स्थिरीकरण कोष, कर्मचारी बोनस तथा कल्याणकारी कोष, सामुदायिक तथा सदस्य सुरक्षण कोष, घाटापूर्ति कोष, NFRS समायोजन कोष, विमाङ्किक कोष, विशेष उपचार कोष, विपत व्यवस्थापन कोष पर्दछन् ।

### ३.१३.१ NFRS समायोजन कोष

संस्थाने NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिवर्तन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस NFRS समायोजन कोषअन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

### ३.१३.२ साधारण जगेडा कोष

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्थाअनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडफाँट गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडफाँट पछिको रकमको कम्तिमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

### ३.१३.३ संरक्षित पुँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद

मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँट गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँट पछिको रकमको २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ । संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकम कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने हुनाले उक्त रकमलाई ४.१३ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

### ३.१३.४ सहकारी प्रवर्धन कोष

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्धन कोपमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँट पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्धन कोषमा सार्ने नीति लिएको छ । सहकारी प्रवर्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७० अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कोषमा जम्मा गनुपर्ने हुनाले उक्त रकमलाई ४.१३ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

### ३.१३.५ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोषको रकम कट्टा गरे पश्चातको खूद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरू सामुदायिक विकास तथा सदस्य सुरक्षण कोष, स्थिरीकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस तथा कल्याण कोष, संस्था विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँट गनुपर्ने प्रावधान छ तर संस्थाने NFRS खुद मुनाफाबाट NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्धन कोष र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँट पछिको रकमको ५ प्रतिशत प्रत्येक माथि उल्लेखित कोषहरूमा बाँडफाँट गर्ने नीति लिएको छ ।

### ३.१३.६ विमाङ्की कोष

NAS-19 Employee Benefit अन्तर्गत परिभाषित कर्मचारी दायित्व मापनमा अंकविद्या धारणा (Actuarial Assumption) मा भएको परिवर्तनको कारणले हुने फरकलाई यस शीर्षकमा समायोजन गरिन्छ । यो कुनै जगेडा कोष हैन । यस शीर्षकको रकममा हुने परिवर्तनलाई अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत गरी यस शीर्षकमा समायोजन गरिन्छ ।

### ३.१४ प्रतिशेयर आम्दानी

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्याङ्कलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयरधनीहरूको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ । Diluted EPS साधारण शेयरधनीहरूका लागि रहेको नाफा वा नोक्सान र भारित औसत शेयरधनीको संख्यामा Dilutive Cash Flows सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

### ३.१५ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ । उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकमभन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ । नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ । यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट

फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ । एक वर्ष भन्दा कम अवधिको गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था नगर्ने नीति अवलम्बन गरिएको छ ।

### ३.१६ नगद प्रवाह विवरण

संस्थाले नगद प्रवाहको विवरण NAS 07- Statement of Direct method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतारचढावलाई यस विवरणले चित्रण गरेको हुन्छ ।

प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छः

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

### ३.१७ प्रस्तावित लाभांश

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणा पछि संस्थाको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

### ३.१८ तुलनात्मक रकम

यस वर्षको वित्तीय विवरणमा आवश्यकताअनुसार तुलनात्मक रकमहरू पुनःवर्गीकरण गरिएका छन् ।

### ३.१९ आन्तरिम वित्तीय रिपोर्टिङ्ग

वित्तीय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरू नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरू आवश्यकताअनुसार प्रकाशित गरिएको छ तर संस्थाले अघिल्लो वर्षका अन्तरिम रिपोर्टहरूका तथ्याङ्कहरूलाई NFRS अनुसार Restate भने गरेको छैन ।

## ४. वित्तीय विवरणहरू ४.१ देखि ४.२९ सम्म संलग्न गरिएको छ ।

## ५. प्रकटीकरण तथा थप जानकारी

### ५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य

### ५.१.१ बजार मूल्य मापनको श्रेणीकरण

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ :

**श्रेणी १**

यस श्रेणीमा बजार मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति /दायित्वको स्वतन्त्र र सक्रिय रूपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन बिना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्तिबीच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन् :

- सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सुचिकृत बजार मूल्य ।
- तुलनात्मक रूपमा कम सक्रिए र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सुचिकृत बजार मूल्य ।

वित्तीय उपकरणहरूको बजार मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदामात्र गरिन्छ ।

यदि कुनै वित्तीय उपकरणको बजार मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सो को बजार मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको बजार मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरूवातमा पहिचान गर्दा सो को प्राप्तिको समयको कारोबार मूल्यलाई बजार मूल्यको रूपमा लिइन्छ ।

**श्रेणी ३**

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रूपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको Net Present Value/Discounted Cash Flow अनुसारको मूल्यलाई समेत तुलनात्मक रूपमा हेरिन्छ ।

**५.१.२ बजार मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरण**

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मूल्यमा लेखाङ्कन र प्रस्तुत गर्ने गरेको छ :

- अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएका लगानी ।

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिक ईक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सुचीकृत मूल्य उपलब्ध भएसम्म सो मूल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्याङ्कका आधारमा गरिन्छ ।

संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मूल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरू निम्न प्रकार रहेका छन् :

| विवरण | २०८२ आषाढ मसान्त | २०८१ आषाढ मसान्त | श्रेणी |
|---|---|---|---|
| इक्विटी उपकरणहरू | - | - | |
| सुचिकृत शेयर | - | - | श्रेणी १ |
| सुचिकृत नगरिएको शेयर | २,०२८,४०० | २,०२८,४०० | श्रेणी ३ |
| **कुल लगानी** | २,०२८,४०० | २,०२८,४०० | |

**५.२ सम्बन्धित पक्षहरूको विवरण**

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय या सञ्चालनसम्बन्धी निर्णयहरूलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरू सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरूमा सहायक कम्पनीहरू, सम्बद्ध कम्पनीहरू, संस्थाका मुख्य शेयरधारकहरू, सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरू र उनीहरूका नजिकका पारिवारिक सदस्यहरू पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरू भएको खण्डमा कारोबार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरूहरूसँग त्यस्तै शर्तहरूमा कारोबार गर्दछ ।

**५.२.१ संस्थाका सञ्चालकहरू र मुख्य व्यवस्थापकहरू**

संस्थाको व्यवस्थापनको लागि महत्त्वपूर्ण मानिने व्यक्तिहरू तथा उनीहरूका नजिकका परिवारिक सदस्यहरू पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 “Related Party Disclosures” अनुसार संस्थाको गतिविधिहरू सम्बन्धी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरूलाई त्यस संस्थाको

व्यवस्थापनको लागि महत्त्वपूर्ण मानिने व्यक्तिहरूको रूपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरूप संस्थाको सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरूलाई संस्थाको व्यवस्थापनको लागि महत्त्वपूर्ण व्यक्तिहरूको रूपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८२ मा संस्थाको सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरू हुन्

| | |
|---|---|
| लक्ष्मण न्यौपाने | अध्यक्ष |
| नीनादेवी शाक्य | उपाध्यक्ष |
| राजेन्द्रकुमार थापा | सदस्य |
| रामईन्द्र न्यौपाने | सदस्य |
| दिनेश प्रसाई | सदस्य |
| राम बहादुर गौतम | सदस्य |

**क) सञ्चालक समितिका सदस्यहरूको भत्ता तथा सुविधाहरू**

सञ्चालक समितिका सबै सदस्यहरू गैर कार्यकारी सञ्चालक हुन् । आ.व.२०८१/८२ मा सञ्चालकहरूलाई प्रदान गरिएको भत्ता तथा सुविधाहरूको विवरण देहाय बमोजिम छन् :

- सञ्चालक समिति बैठक भत्ता रू. ४७३,८८२
- कर्मचारीको रूपमा अध्यक्ष श्री लक्ष्मण न्यौपानेको तलब, भत्ता, ग्रेड, बोनस, उपदान आदि सम्पूर्ण गरी रू. २,२९२,१७१

यी भत्ता तथा सुविधाहरू संस्थाको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरू हुन् ।

**ख) संस्थाका मुख्य व्यवस्थापकलाई प्रदान गरिएको तलब तथा सुविधाहरू :**

| व्यवस्थापन तहका कर्मचारीको पद, नाम (थर) | पारिश्रमिक (तलब भत्ता ग्रेड/सुबिधा क. बोनस सहित) (आ. व. २०८१/८२) रू. |
|---|---|
| (क) नि. कार्यालय प्रमुख दीपक श्रेष्ठ | ११,९९,८२५ |

**५.३ मर्जर तथा एक्विजिसन**

सहकारीले आर्थिक वर्ष २०८१/८२ मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन ।

**५.४ रिपोर्टिङ अवधि पछिका घटनाहरू**

रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बीचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरूलाई रिपोर्टिङ अवधि पछिका घटनाहरू भनिन्छ ।

रिपोर्टिङ अवधि पछिका घटनाहरूको लेखाङ्कन र रिपोर्टिङको लागि NAS-10 "Events after the Reporting Period" को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधि पछिका समायोजन हुने घटनाहरू**

रिपोर्टिङ अवधिपछि समायोजन गर्नुपर्ने घटनाहरू कुनै रहेको छैन ।

**५.५ भारित औसत ब्याजदरको अन्तर**

| विवरण | औसत ब्याजदर |
|---|---|
| ऋण तथा सापटीमा भारित औसत ब्याजदर | १५.४६ |
| निक्षेप भारित औसत ब्याजदर | १०.१८ |
| खूद भारित औसत ब्याजदर | ५.२८ |

वित्तीय बजारको उतारचढावलाई मध्यनजर गर्दै तथा सहकारी विभागद्वारा समय समयमा जारी गरेको सन्दर्भ ब्याजदरलाई समेत पालना गरी संस्थाले हाल बचतमा दिईने र कर्जामा लिईने निम्न अनुसार ब्याजदरहरू कायम गरेका छन् ।

## २०८२ श्रावण देखि कायम रहेको बचतका ब्याजदरहरू

| क्र.सं. | खाताको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (प्रतिशतमा) |
|---|---|---|---|
| १ | अनिवार्य बचत | रू. १०००।- | ८% |
| २ | विशेष बचत | रू. १०००।- | ७% |
| ३ | कल/आह्वान बचत | रू. १०००।- | ७% |
| ४ | ब्राइट सुपर बचत | रू. ५०००।- | ७% |

## आवधिक बचत खाताः

| क्र.सं. | अवधि | वार्षिक ब्याजदर | ब्याज भुक्तानी व्यवस्था |
|---|---|---|---|
| १ | १ वर्ष | ८% | त्रैमासिक ब्याज भुक्तानी |
| २ | २ वर्ष | ९% | त्रैमासिक ब्याज भुक्तानी |
| ३ | ३ वर्ष | १०% | त्रैमासिक ब्याज भुक्तानी |

## कर्जा लगानीमा लिइने ब्याजदर

| क्र.सं. | खाताको प्रकार | नयाँ ब्याजदर (प्रतिशतमा) |
|---|---|---|
| १ | कृषि तथा पशुपालन ऋण | ११% |
| २ | उद्योग व्यवसाय ऋण, व्यापार तथा व्यवसाय ऋण, घर कर्जा, रियल स्टेट लगायत अन्य ऋण | |
| | क. मासिक साँवा र ब्याजको किस्ताबन्दीमा | १२% |
| | ख. मासिक ब्याज र त्रैमासिक साँवाको किस्ताबन्दीमा | १३% |
| | ग. मासिक/ त्रैमासिक ब्याज र साँवा एकमुष्ठ (समय अवधि बढीमा १ वर्ष) | १४% |
| ३ | शैक्षिक ऋण | १३% |
| ४ | आवधिक बचत धितो कर्जा | आवधिक बचतमा प्रदान गरिएको ब्याजदरमा थप २% (प्रतिशत) |

साथै उल्लेखित ऋणको ब्याजदरमा शर्तहरू लागु हुनेछ ।

**नोट :**

- माथि विवरणमा उल्लेखित ब्याजदर सम्बन्धी व्यवस्था समय समयमा परिवर्तन हुने छ ।

## सदस्य पहिचान फारम (KYM) भर्नुभयो त ?

यदी सदस्य पहिचान फारम भर्नुभएको छैन भने आजै कार्यालयमा सम्पर्क गरी भर्नुहोला ।

### किन भर्ने ?

- कारोबारको कानुनी वैधताको लागि ।
- वित्तीय सुविधा लिनको लागि ।
- शंकास्पद कारोबारको झन्झटबाट सुरक्षित हुनको लागि ।

### सदस्य पहिचान फारम कहिले र कस्तो अवस्थामा भर्ने ?

- राजनीतिक तथा प्रशासनिक उच्च ओहदामा आफू वा आफ्नो परिवारको सदस्य भएमा प्रत्येक वर्ष,
- पालिका वा सो भन्दा माथिल्लो निकायमा निर्वाचित वा त्यस्तो व्यक्तिका परिवार भएमा प्रत्येक वर्ष,
- उच्चपदस्थ व्यक्तिहरूसँग व्यावसायिक साझेदरी वा प्रत्यक्ष सरोकार राख्ने व्यक्ति भएमा प्रत्येक वर्ष,
- वार्षिक रू.३० लाख भन्दा माथिको कारोबार (बचत जम्मा, सेयर खरिद, ऋण भुक्तानी वा रेमिट्यान्स) गर्ने भएमा प्रत्येक वर्ष,
- वार्षिक रू. १० लाख देखि ३० लाखसम्मको कारोबार गर्ने भएमा प्रत्येक दुई वर्षमा,
- अन्य सम्पूर्ण सदस्यहरूले प्रत्येक तीन वर्षमा नियमित,

### सदस्य पहिचान फारम अध्यावधिक गर्न आवश्यक कागजातहरु :

- नेपाली नागरिकताको प्रतिलिपि (आफ्नो र हकवाला दुबै जनाको) ।
- हालसालै खिचिएको फोटो र चालु मोबाइल नम्बर ।
- पारिवारीक नाता खुल्ने विवरण ।
- राष्ट्रिय परिचय पत्र (यदि भएमा) ।
- पान कार्ड (यदि भएमा) ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय पुतलीसडक

(आयकर नियमावली,२०५९ को नियम २६ सँग सम्बन्धित )

यो पत्र मिति २०८२.०९.२२ मा तयार भएको छ।
प्रिन्ट मिति: २०८२.०९.२२

प.सं: २०८२.०८३
च.नं. ८८३६
कर चुक्ता नं. ८२५८२५२९३

## विषय : कर चुक्ता प्रमाण पत्र ।

श्री ब्राइट बचत तथ ऋण सहकारी संस्था लि.
२८- काठमाडौं, 1105
स्थायी लेखा नं : ३००३२२२२२

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपाई ले आ.व २०८१.०८२ मा देहाय बमोजिमको आय रकमको आय विवरण मिति २०८२.०९.२२ मा यस कार्यालयमा पेश गरी सो अनुसार देहाय बमोजिमको आयकर दाखिला गरेकोले यो कर चुक्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

| आय विवरण पेश गरेको मिति | जम्मा आय (कारोबार) रकम रू. | कर योग्य आय रू. | दाखिला गरेको कर रकम रू. |
|---|---|---|---|
| २०८२.०९.२२ | ९६,५०८,१३१.०० | २७,२६१,१०१.०० | ५,४५२,२२०.०० |

आशिष राई
(कर अधिकृत)
कर अधिकृत

पुनश्च:
- यो प्रमाणपत्र त्यस फर्म/ उद्योग कम्पनी / संस्थाले पेश गरेको विवरणको आधारमा जारी गरिएको छ। पेश भएको आय विवरण छानबिनमा परेमा आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण हुन सक्ने जानकारी गराईन्छ ।
- यो कर चुक्ताको प्रमाण-पत्र विभागको वेभ साइट www.ird.gov.np मा कर चुक्ता रूजु वा Tax Clear.Search मा गएर रूजु गरी यकिन गर्न सकिने छ।

# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

## Bright Saving & Credit Cooperative Society Limited

### संस्थामा कर्यरत कर्मचारीहरु



**दीपक श्रेष्ठ**
नि. कार्यालय प्रमुख



**विष्णु भट्टराई**
बरिष्ठ अधिकृत (प्रमुख लेखा शाखा)



**बुद्धिप्रसाद घिमिरे**
सहायक अधिकृत (कर्जा शाखा)



**निर्मला बस्नेत**
सहायक (नगद व्यवस्थापन)



**राधिका बस्नेत**
कार्यालय सहयोगी



**पार्वता गौतम**
कार्यालय सहयोगी

सुरक्षागार्ड

*"Cooperatives for comprehensive development and prosperity"*

## सहकारीका अन्तर्राष्ट्रिय सात सिद्धान्तहरु

- श्वेच्छिक तथा खुल्ला सदस्यता
  Voluntary & Open Membership
- सदस्यहरुको आर्थिक सहभागिता
  Member Economy Participation
- शिक्षा, तालिम र सूचना
  Education, Training, & Information
- समुदायप्रति चासो
  Concern For Community
- सदस्यहरुलाई प्रजातान्त्रिक नियन्त्रण
  Democratic Member Control
- स्वायतता र स्वतन्त्रता
  Autonomy & Independence
- सहकारीहरु बीच पारस्परिक सहयोग
  Cooperation Among Cooperative

ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.
**Bright Saving & Credit Cooperative Society Limited**

Bagbazar, Kathmandu
+977 01 5339584 | 5320891
brightsaccos@gmail.com
Facebook : /Brightsaccosktm
brightsaccos.com